# Soaltee Hotel Limited








# ४०औं वार्षिक प्रतिवेदन

## २०७०/२०७१ (२०१३/२०१४)

## ताहाचल, काठमाडौं, नेपाल

# वर्तमान संचालक समिति



श्री दिनेश बहादुर विष्ट (कार्यकारी अध्यक्ष)
प्रतिनिधि,
सोल्टी इन्टरप्राइजेज् प्रा.लि.



श्री रवि भक्त श्रेष्ठ
प्रतिनिधि,
सोल्टी इन्टरप्राइजेज् प्रा.लि.



श्री राजेश काजि श्रेष्ठ
प्रतिनिधि,
सोल्टी इन्टरप्राइजेज् प्रा.लि.



डा. प्रभा बस्नेत
प्रतिनिधि,
सोल्टी इन्टरप्राइजेज् प्रा.लि.



श्री रामहरि शर्मा सेढाई
प्रतिनिधि,
नेपाल वायुसेवा निगम



श्री भेंकटेश गोमाटाम
प्रतिनिधि,
हलिडे इन्स इन्भेष्टमेण्ट (नेपाल) लि.



श्री विजय बहादुर श्रेष्ठ
सर्वसाधारण शेयरधनीहरुबाट
निर्वाचित



श्री शशिराज पाण्डे
सर्वसाधारण शेयरधनीहरुबाट
निर्वाचित



श्री निरन्जन कुमार टिबरेवाला
सर्वसाधारण शेयरधनीहरुबाट
निर्वाचित



श्री राजिव शर्मा
श्री भेंकटेश गोमाटामका बैकल्पिक प्रतिनिधि
हलिडे इन्स इन्भेष्टमेण्ट (नेपाल) लि.

## कम्पनी सचिव



श्री लिल बहादुर खत्री

Soaltee Hotel Limited

# ४०औं वार्षिक साधारण सभा सम्बन्धी
# सूचना

**श्री शेयरधनी महानुभाव,**

यस कम्पनीको मिति २०७१ मंसिर १ गते (१७ नोभेम्बर २०१४) सोमबारका दिन बसेको यस सोल्टी होटल लिमिटेडको सञ्चालक समितिको १९६औं बैठकको निर्णय अनुसार यस कम्पनीको ४०औं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्नलिखित विषयहरु उपर छलफल तथा निणर्य गर्न बस्ने भएको हुंदा शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

## १. सभा हुने मिति, समय र स्थान:

**मिति:** **२०७१ साल पौष २७ गते तद्नुसार ११ जनवरी २०१५, आईतबारका दिन ।**

**समय:** **बिहान १०.३० बजे ।**

**स्थान:** **सोल्टी क्राउन प्लाजा, मेघा मल्हार सम्मेलनकक्ष, ताहाचल, काठमाडौं ।**

## २. छलफलका विषयहरु:

### (क) सामान्य प्रस्ताव

१. सञ्चालक समितिको आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) को आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) को नाफाबाट शेयरधनीहरुलाई लिन मञ्जुर तथा चुक्ता पूँजीको १७.८९४७३६८४ प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. कम्पनीको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) का लागि कम्पनीको लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक पारित गर्ने ।

५. कम्पनीको सञ्चालक समितिबाट सिफारिश भए बमोजिम कार्यकारी अध्यक्षको पारिश्रमिक तथा सुविधाहरु पारित गर्ने ।

६. कम्पनीका संचालक समितिका सदस्यहरुको बैठक भत्ता बृद्धि गर्ने प्रस्तावलाई छलफल गरी पारित गर्ने ।

### (ख) विषेश प्रस्ताव

७. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई ४० प्रतिशतका दरले अर्थात कम्पनीको प्रत्येक ५ कित्ता चुक्ता शेयर बराबर २ कित्ताका दरले बोनस शेयर वितरण गर्ने र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजीलाई बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।

### (ग) विविध

९. विविध: अध्यक्षको अनुमतिअनुसार ।

संचालक समितिको आज्ञाले

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

संलग्न कागजातहरु:

१. ४०औं वार्षिक साधारण सभा र निर्वाचन सम्बन्धी सामान्य जानकारी, प्रतिनिधि नियुक्त गर्ने निवेदन फाराम र प्रवेश पत्र ।

२. आर्थिक वर्ष २०७०/०७१ को संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितका बार्षिक आर्थिक विवरणहरु, वासलात, आम्दानी विवरण, र नगद प्रवाह विवरण आदि ।

३. सहायक कम्पनी एच आई सोल्टी होटेल कम्पनी प्राइभेट लि. तथा सोल्टी हस्पिटालिटी लि. को आर्थिक वर्ष २०७०/०७१ को संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितका वार्षिक आर्थिक विवरणहरु ।

# ४०औं वार्षिक साधारण सभा सम्बन्धी
# सामान्य जानकारी

१. ४०औं वार्षिक साधारण सभाको प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेज दर्ता किताब आईतबार, २०७१ साल मंसिर २८ गते देखि २०७१ पौष २७ गते (१४ दिसम्बर २०१४ देखि ११ जनवरी २०१५) अर्थात ४०औं वार्षिक साधारण सभा सम्पन्न नभएसम्म बन्द रहनेछ ।

२. छलफलको विषय अन्तर्गत विविध शीर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सम्बन्धित विषय खुलाई वार्षिक साधारण सभा हुनुभन्दा ७ दिन अगावै अर्थात २०७१ पौष २० गते सम्म कम्पनी सचिव मार्फत यस कम्पनीका कार्यकारी अध्यक्षलाई लिखित जानकारी पठाउनु पर्नेछ, जसबाट त्यस विषयमा तयारी गर्न कम्पनीलाई सजिलो हुनेछ । तर, यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

३. शेयरधनी महानुभावहरुलाई वार्षिक प्रतिवेदन संगै पठाइएको प्रवेश पत्र सभा हुने स्थानमा आफूसंगै अनिवार्य रुपमा लिई आउन अनुरोध गरिन्छ । प्रवेश पत्र प्राप्त नगर्नु भएका शेयरधनी महानुभावहरुले कार्यालय समयमा २०७१ पौष १४ गते देखि २०७१ पौष २० गते अपरान्ह ४.०० बजेसम्म कम्पनीको रजिष्ट्र्ड कार्यालय ताहाचलबाट प्राप्त गर्न सक्नु हुनेछ । प्रवेश पत्र वा सक्कल शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण देखाएपछि मात्र सभाकक्षमा प्रवेश गर्न दिइनेछ ।

४. सभा हुने भनी तोकिएको समय भन्दा आधा घण्टा अगावै सभा कक्षमा उपस्थित भईदिनु हुन सबै शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

५. साधारण सभामा प्रतिनिधि पठाउन चाहने शेयरधनीहरुले अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी प्रतिनिधि नियुक्त पत्र, सभा शुरु हुन भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्र्ड कार्यालय, ताहाचलमा दर्ता गर्नुपर्ने छ । यसरी प्रतिनिधि नियुक्त गरेको अवस्थामा प्रतिनिधि मनोनित हुने व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न पाउने छ ।

६. शेयरधनीले आफूले नियुक्त गरेको प्रतिनिधि रद्द गर्न चाहेमा त्यसको लिखित जानकारी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्र्ड कार्यालयमा, कार्यालय समय भित्र दर्ता गरी सक्नुपर्नेछ । प्रतिनिधि नियुक्त गर्ने शेयरधनी स्वंय सभामा उपस्थित भएमा आफूले नियुक्त गरेको प्रतिनिधि रद्द गरे पछि निज स्वंयले सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।

७. एकभन्दा बढी प्रतिनिधि नियुक्त गरेकोमा कम्पनीको कार्यालयमा सबै भन्दा पहिले दर्ता भएको प्रतिनिधि नियुक्ति निवेदनलाई मात्र मान्यता दिई त्यस्तो प्रतिनिधिलाई नै सभामा भाग लिन एवं मतदान गर्न दिइनेछ ।

८. शेयरधनीहरुको दर्ता किताबमा नाबालक शेयरधनीको संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले मात्र सो नाबालक शेयरधनीको तर्फबाट सभामा भाग लिन एवं मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नुहुनेछ ।

९. साझा गरी एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्ता सबै साझेदारहरुद्वारा मनोनीत गरिएको साझेदारले सभामा भाग लिन र मतदान गर्न पाउनेछ र सो बमोजिम कुनै साझेदार मनोनीत हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा सो साझेदारहरु मध्ये जसको नाम क्रमानुसार सबै भन्दा अघि लेखिएको छ सो साझेदारले सभामा भाग लिन वा मतदान गर्न पाउनेछ ।

१०. सभाको सुरक्षा व्यवस्थालाई ध्यानमा राखी सभा स्थलमा खटिएका सुरक्षाकर्मीलाई आवश्यक सहयोग पुऱ्याउन अनुरोध गरिन्छ । साथै सभा स्थलमा कुनै किसिमका झोला, प्याकेट आदि यथासक्य नल्याउनुहुन पनि शेयरधनी महानुभावहरुमा अनुरोध गरिन्छ ।

११. साधारण सभा सम्बन्धी थप अन्य जानकारीको लागि शेयरधनी महानुभावहरुलाई कम्पनीको रजिर्ष्ट्ड कार्यालय ताहाचल, काठमाडौंमा सोमबार देखि शुक्रबार सम्म बिहान १० बजेदेखि अपरान्ह ४ बजे सम्म सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

# प्रतिनिधि नियुक्त गर्ने निवेदन

श्री संचालक समिति
सोल्टी होटल लिमिटेड
ताहाचल, काठमाडौं ।

**विषय: प्रतिनिधि नियुक्ती बारे ।**

महाशय,

.. ... ... .. ... ... जिल्ला .. ... ... .. ... म.न.पा./उ.म.न.पा./न.पा./गा.वि.स. वडा नं... .. ... ... बस्ने म / हामी .. ... ... .. ... ... .. ... ... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले **२०७१ साल पौष २७ गते, आईतबारका** दिन हुने **४०औं वार्षिक साधारण सभामा** स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि.. ... ... जिल्ला.. ... ... .. ... ... म.न.पा./उ.म.न.पा./न.पा./गा.वि.स.वडा नं... ... ... बस्ने त्यस कम्पनीका शेयरधनी श्री .. ... ... .. ... ... .. ... ... शेयर प्रमाण पत्र नं. .. ... ... लाई मेरो/ हाम्रो प्रतिनिधि मनोनीत गरी पठाएको छु / छौं ।

**प्रतिनिधि नियुक्त भएको व्यक्तिको :-**

हस्ताक्षरको नमूना : ................................

शेयरधनी भए शेयरप्रमाणपत्र नं. :

शेयरधनी नभए नागरिकताको प्रमाणपत्र नं.:

**निवेदक**

मिति:

दस्तखत :

नाम :

ठेगाना : शेयर संख्या :

शेयर प्रमाणपत्र नं. :

(द्रष्टव्य: यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्रर्ड कार्यालय, ताहाचल, काठमाण्डौंमा पेश गरिसक्नु पर्नेछ)

.............................................यहांबाट काटनुहोस.............................................

# सोल्टी होटल लिमिटेड

## ताहाचल, काठमाडौं

## प्रवेश–पत्र

**शेयरधनीको नाम .. .. .. .. .. .. .. .. .. .. .. .. .. .. .. ..**

**संकेत नं. (शेयरधनी नम्बर) .. .. .. .. .. .. शेयरधनी प्रमाण पत्र नम्बर .. ..**

**धारण गरेको जम्मा शेयर संख्या .. .. .. .. .. ..**

**शेयरधनीको हस्ताक्षर .. .. .. .. .. ..**

**कम्पनी सचिव**

(सभा कक्षमा प्रवेश गर्न यो प्रवेश–पत्र अनिवार्य रुपमा देखाउन गर्नु पर्नेछ)

(सोल्टी होटल लिमिटेडको २०७१ पौष २७ गते हुने ४०औं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको)

## प्रतिनिधि नियुक्ति सम्बन्धी
## सामान्य नियमहरु

१. साधारण सभामा प्रतिनिधि पठाउन चाहने शेयरधनीहरुले अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरी प्रतिनिधि नियुक्ति निवेदन सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्र्ड कार्यालय, ताहाचलमा दर्ता गर्नुपर्ने छ । यसरी प्रतिनिधि नियुक्त गरेको अवस्थामा प्रतिनिधि मनोनित हुने व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न पाउने छ ।

२. कुनै प्राइभेट फर्मले प्रतिनिधि नियुक्त गर्दा त्यस फर्मको मालिकले प्रतिनिधि नियुक्त गरेको निवेदन मात्र मान्य हुनेछ र यसरी प्रतिनिधि नियुक्त गर्दा प्रतिनिधि नियुक्ति निवेदन साथ प्राइभेट फर्म दर्ता प्रमाणपत्र समेत संलग्न गर्नुपर्नेछ । कुनै साझेदारी फर्मले प्रतिनिधि नियुक्त गर्दा त्यस्तो साझेदारी फर्मका सबै साझेदारहरुले सर्वसम्मतिबाट नियुक्त गरेको प्रतिनिधि नियुक्ति निवेदन मात्र मान्य हुनेछ र यसरी प्रतिनिधि नियुक्त गर्दा प्रतिनिधि नियुक्ति निवेदन साथ साझेदारी फर्म दर्ता प्रमाण पत्र समेत संलग्न गर्नुपर्नेछ ।

३. साझा गरी एकभन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्ता साझेदारहरुले प्रतिनिधि नियुक्त गर्दा सबै साझेदारले सहीछाप गरी नियुक्त गरेको प्रतिनिधि नियुक्ति निवेदनलाई मान्यता दिइनेछ । सर्वसम्मति हुन नसकेको खण्डमा शेयरधनीहरुको दर्ता किताबमा संयुक्त शेयरधनीहरु मध्ये जसको नाम सबैभन्दा अगाडि लेखिएको छ निजले दिएको प्रतिनिधि नियुक्ति निवेदनलाई मान्यता दिइनेछ ।

४. कुनै नाबालक शेयरधनीको नाममा शेयर रहेकोमा शेयरधनीको दर्ता किताबमा त्यस्ता नाबालक शेयरधनीको संरक्षकको रुपमा उल्लेख भएका व्यक्तिले सहीछाप गरी नियुक्त गरेको प्रतिनिधि नियुक्ति निवेदनलाई मात्र मान्यता दिइनेछ ।

५. एकभन्दा बढी प्रतिनिधि नियुक्त गरेकोमा कम्पनीको कार्यालयमा सबै भन्दा पहिले दर्ता भएको प्रतिनिधि नियुक्ति निवेदनलाई मान्यता दिई त्यस्तो प्रतिनिधिलाई सभामा भाग लिन एवं मतदान गर्न दिइनेछ ।

६. प्रतिनिधि नियुक्त गर्ने शेयरधनीको प्रतिनिधि नियुक्ति निवेदनमा भएको दस्तखत कम्पनीको स्रेस्तामा रहेको निजको दस्तखतसंग रुजु भएमा मात्र त्यस्तो प्रतिनिधि नियुक्ति निवेदन दर्ता गरिनेछ ।

७. शेयरधनीले आफूले नियुक्त गरेको प्रतिनिधि रद्द गर्न चाहेमा त्यसको लिखित जानकारी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्र्ड कार्यालयमा, कार्यालय समय भित्र दर्ता गरी सक्नु पर्नेछ । प्रतिनिधि नियुक्त गर्ने शेयरधनी स्वंय सभामा उपस्थित भएमा आफुले नियुक्त गरेको प्रतिनिधि रद्द गरे पछि निज स्वंयले सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।

# संस्थागत जानकारी

## सोल्टी क्राउन प्लाजा काठमाण्डौका संचालक
**हलिडे इन्स (चाईना) लिमिटेड, हङ्गकङ्ग**

### व्यवस्थापन समूह

| | |
|---|---|
| **श्री दिनेश बहादुर विष्ट** | **कार्यकारी अध्यक्ष** |
| श्रीमती दुर्गा श्रेष्ठ | मुख्य लेखापाल |
| श्री लिल बहादुर खत्री | कम्पनी सचिव |
| श्री अमृत तुलाधर | निर्देशक वित्त |
| श्री किरण लाल जोशी | वरिष्ठ प्रबन्धक व्यावसाय विकास तथा परियोजना |
| श्री युवराज थपलिया | वरिष्ठ प्रबन्धक वित्त |

### होटेल संचालन

| | |
|---|---|
| **श्री नलिन मन्दिरत्ता** | **महाप्रबन्धक** |
| श्री बलराम पाठक | निर्देशक खाद्य तथा पेय |
| श्री साम्बा विक्रम शाह | निर्देशक विक्रि तथा बजार व्यावस्थापन |
| श्री श्रवण ताम्राकार | निर्देशक वित्त तथा व्यापार प्रवर्द्धन |
| श्री भक्त शाक्य | चिफ इन्जीनियर |
| श्री युवराज पोखरेल | एक्जुक्यूटिभ सेफ |
| श्री सरजु रन्जित | प्रवन्धक मानव संशाधन |
| श्री जमुना विष्ट | एक्जुक्यूटिभ हाउसकिपर |
| श्री सचिन प्रधान | प्रबन्धक फ्रण्ट अफिस |
| श्री प्रधुम्न घिमिरे | वरिष्ट एसोसिएट निर्देशक विक्रि |
| श्री सागर चन्द्र वान्तवा राई | एसोसिएट निर्देशक विक्रि |
| श्री सशि हजुर सिलवाल | प्रबन्धक सुरक्षा |
| **श्री अनुराग देवान** | **ईकाई प्रवन्धक फ्लाइट केटरिंग एल.एस.जी. स्काई सेफ युनिट** |
| श्री बिनिता श्रेष्ठ | निर्देशक गुणस्तर सुदुढीकरण |

### आन्तरिक लेखापरीक्षक
**जे बि राजभन्डारी एण्ड डिबिन्स**
चार्टर्ड एकाउण्टेण्टस्
काठमाडौं ।

### कानूनी सल्लाहकार
**श्री कोमल प्रकाश घिमिरे**
**घिमिरे एण्ड कम्पनी**
काठमाडौं ।

**श्री अर्जून प्रसाद लम्साल**
**विजय ल फर्म**
काठमाडौं ।

**श्री समिर शर्मा**
**एस एस लिगल प्रा. लि.**
काठमाडौं ।

### लेखापरीक्षक
**टि. आर. उपाध्या एण्ड कं.**
चार्टर्ड एकाउण्टेण्टस्
काठमाडौं ।

### बैंकहरु
**नबिल बैंक लिमिटेड**
**नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड**
**एभरेस्ट बैक लिमिटेड**
काठमाडौं ।

### रजिष्ट्रर्ड कार्यालय
**ताहाचल, काठमाडौं ।**

# विषय सूची

| विषय | पृष्ठ नम्बर |
|---|---|
| • सरलीकृत वासलात तथा आम्दानी विवरण | १ |
| • संचालक समितिको प्रतिवेदन | २ |
| • कार्यसम्पादनका मूख्य आर्थिक सूचकांकहरु | २० |
| • लेखापरीक्षकको प्रतिवेदन | २८ |
| • वासलात | २९ |
| • नगद प्रवाह विवरण | ३० |
| • पूंजीमा भएको परिवर्तनको विवरण | ३१ |
| • आम्दानी विवरण | ३२ |
| • वासलात तथा आम्दानी विवरणसंग सम्बन्धी अनुसूचीहरु | ३३ |
| • सहायक कम्पनी एच. आई. सोल्टी होटेल कम्पनी प्राइभेट लिमिटेडको संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरणहरु | ४७ |
| • सहायक कम्पनी सोल्टी हस्पिटालिटी लिमिटेडको संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरणहरु | ५६ |

## ३२ आषाढ २०७१ (१६ जुलाई २०१४) को सरलीकृत वासलात

रुपैयाँ

| विवरण | समिक्षा आर्थिक वर्षको | गत आर्थिक वर्षको |
|---|---|---|
| **कम्पनीको सम्पत्ति** | | |
| **सम्पत्ति** | | |
| स्थिर सम्पत्ति | ६५१,४६९,६८२ | ६०३,२२८,५२२ |
| अमूर्त सम्पत्ति | १,५१८,४१४ | १,८०५,१२१ |
| निर्माणाधीन पूँजीगत कार्य | १८२,६२२,२२० | १२८,००६,०६४ |
| लगानी | २९,९६६,५३८ | १९,९६६,५३८ |
| जम्मा | ८६५,५७६,८५४ | ७५३,००६,२४५ |
| स्थगन कर सम्पत्ति | ४६,५३०,४१९ | ४५,४७७,९४४ |
| **चालू सम्पत्ति** | | |
| जिन्सी मौज्दात, विविध असामीहरु, पेश्की, सापटी, धरौटी, नगद तथा बैंक | ६७७,५९६,१३४ | ५०७,४८९,२८८ |
| न्यून: प्रस्तावित लाभांश | ५३,८४०,००६ | २७,१४६,३३८ |
| न्यून: चालू दायित्व र व्यवस्था | ५५९,९४२,८७२ | ४९३,०४२,८८२ |
| **चालू पूँजी** | ६३,८१३,२५६ | (१२,६९९,९३२) |
| **कुल सम्पत्ति (खुद)** | ९७५,९२०,५२९ | ७८५,७८४,२५७ |
| **कुल शेयरधनीहरुको कोष** | ९७५,९२०,५२९ | ७८५,७८४,२५७ |
| अर्थात | | |
| शेयर पूँजी | ३००,८७०,६२० | २१४,९०८,५१० |
| संचित नाफा समेतको साधारण जगेडा | ६७५,०४९,९०९ | ५७०,८७५,७४७ |
| जम्मा | ९७५,९२०,५२९ | ७८५,७८४,२५७ |
| **ऋण र पूँजीको अनुपात** | - | - |

## ३२ आषाढ २०७१ (१६ जुलाई २०१४) मा समाप्त भएको आर्थिक वर्षको सरलीकृत आम्दानी विवरण

रुपैयाँ

| विवरण | समिक्षा आर्थिक वर्षको | गत आर्थिक वर्षको | बृद्धि / (कमी) % मा |
|---|---|---|---|
| **आम्दानी** | | | |
| **कोठा, रेष्टुरेण्ट, बैंक्वेट, अन्य सेवा तथा विविध आय** | १,४०७,२२५,९९५ | १,२६८,०५७,२२८ | १०.९७% |
| **खर्च** | | | |
| तलब भत्ता, ज्याला, तथा अन्य कर्मचारीको खर्च | ३३५,२९७,२४० | ३३७,९८१,८३४ | (०.७९%) |
| खाद्य, खाद्य आपूर्ति र पेय पदार्थको खपत | १९७,७३०,५०३ | १७३,७४७,५८४ | १३.८०% |
| विद्युत तथा ईन्धन | १४१,९९१,०११ | १३०,२७१,९०२ | ९.००% |
| अन्य संचालन तथा प्रशासकीय खर्च | २८८,४०३,१६५ | २७२,१०२,५०९ | ५.९९% |
| ब्याज | - | ६०७,५३७ | (१००.०० |
| ह्रास तथा परिशोधन | ७८,०३९,७३२ | ६९,५३०,००५ | १२.२४% |
| कर्मचारी आवास | १८,२८८,२१७ | १४,१९०,७९३ | २८.८७% |
| बोनस | ३१,५८८,७३९ | २४,५११,३६९ | २८.८७% |
| जम्मा | १,०९१,३३८,६०७ | १,०२२,९४३,५३३ | ६.६९% |
| यस वर्षको आयकर अधिको मुनाफा | ३१५,८८७,३८८ | २४५,११३,६९५ | २८.८७% |
| यस वर्षको कर खर्च | (७२,९६२,२९१) | (६४,७४७,२२१) | १२.६९% |
| स्थगन कर आम्दानी | १,०५२,४७५ | ७,७१२,३३४ | (८६.३५%) |
| **आयकर पछिको खुद नाफा (बाँड फाँड अघि)** | २४३,९७७,५७२ | १८८,०७८,८०८ | २९.७२% |
| बाँकी नाफा अगाडि ल्याएको | ५१२,३८८,५५९ | ३८७,२७४,०६८ | |
| बोनस शेयर जारी | (८५,९६२,११०) | (३५,८१८,६१०) | |
| बोनस शेयरको खण्डित मूल्य नगदमा (भुक्तानी)/प्राप्ती | (१,२९४) | ६३० | |
| प्रस्तावित लाभांश | (५३,८४०,००६) | (२७,१४६,३३८) | |
| **बाँकी वासलातमा सारेको** | ६१६,५६२,७२१ | ५१२,३८८,५५९ | |

# संचालक समितिको प्रतिवेदन

## आदरणीय शेयरधनी महानुभावहरु,

सोल्टी होटेल लिमिटेडको यस चालिसऔं वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुलाई स्वागत गर्न पाउंदा हामी संचालक समितिका सदस्यहरु ज्यादै नै हर्षित भएका छौं । यहांहरु समक्ष कम्पनीको ४०औं वार्षिक प्रतिवेदन तथा २०७१ साल आषाढ ३२ गते तद्नुसार १६ जुलाई २०१४ मा समाप्त भएको आर्थिक वर्षको लेखापरीक्षण गरिएका वित्तीय विवरणहरु प्रस्तुत गर्न पाउंदा हामी गौरवान्वित भएका छौं ।

## कारोबार संचालन गतिविधिहरुको समीक्षा

अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक बर्ष २०७०/०७१ (२०१३/१४) मा कम्पनीको कुल आम्दानी १०.९८ प्रतिशतले (गत वर्ष १३.८९ प्रतिशत) बृद्धी भएकोछ । अघिल्लो आर्थिक वर्षको कुल आम्दानी रु. १,२६,८०.५७ लाखको तुलनामा, समीक्षा आर्थिक वर्षमा रु. १३,९१.६९ लाखले (गत आर्थिक वर्ष रु. १५,४६.८५ लाख) बृद्धि भई कुल आम्दानी १,४०,७२.२६ लाख भएको छ । अघिल्लो आर्थिक वर्षको रु. ३१,३६.८९ लाखको तुलनामा समीक्षा आर्थिक वर्षमा कम्पनीले रु. ३९,३४.३५ लाख नगद मुनाफा आर्जन गर्न सफल भएकोछ । यस्तै, अघिल्लो आर्थिक वर्षको खुद मुनाफा रु. १८,८०.७९ लाखको दांजोमा समीक्षा आर्थिक वर्षमा २९.७२ प्रतिशतले बृद्धि भई कर पश्चात् रु. २४,३९.७९ लाख मुनाफा आर्जन गरेको छ ।

## कार्यप्रगतिको झलक:

### वित्तीय नतिजाहरु

आर्थिक वर्ष २०७०/७१ (२०१३/१४) मा कम्पनीले हासिल गरेको अघिल्लो आर्थिक वर्षसंगको तुलनात्मक प्रमुख संक्षिप्त वित्तीय तथ्यांकहरु देहाय बमोजिम रहेका छन्:–

रुपैंयां लाखमा

| विवरण | आर्थिक वर्ष | | वृद्धि/(कमी) प्रतिशत |
|---|---|---|---|
| | २०७०/७१ | २०६९/७० | |
| कुल आम्दानी | १४,०७२.२६ | १,२६,८०.५७ | १०.९८% |
| कुल खर्चहरु | ९,६३९.१४ | ९१,५०.५८ | ५.३४% |
| व्याज, ह्रास, व्यवस्था र आयकर अघिको मुनाफा | ४,४३३.१२ | ३५,२९.९९ | २५.५९% |
| न्यून: व्याज खर्च | – | ६.०८ | (१००.००%) |
| ह्रास, व्यवस्था तथा कर अघिको मुनाफा | ४,४३३.१२ | ३५,२३.९१ | २५.८०% |
| न्यून: ह्रास | ७७५.४७ | ६,८५.७६ | १३.०८% |
| न्यून: कर्मचारी आवास व्यवस्था | १८२.८८ | १,४१.९१ | २८.८९% |
| न्यून: कर्मचारी बोनश व्यवस्था | ३१५.८९ | २,४५.१० | २८.८९% |
| आयकर अघिको मुनाफा | ३,१५८.८७ | २४,५१.११ | २८.८८% |
| न्यून: आयकर व्यवस्था | ७२९.६२ | ६४७.४७ | १२.६८% |
| थप: स्थगित कर –DEFERRED TAX _ | १०.५२ | ७७.१२ | (८६.४०%) |
| आयकर पछिको खुद मुनाफा (बाँड फाँड अघि) | २,४३९.७८ | १८,८०.७९ | २९.७२% |
| यस वर्ष खुद जगेडामा सारेको (बाँड फाँड अघि) | २,४३९.७९ | १८,८०.७९ | २९.७२% |

## पुरस्कार

हाम्रो होटेलले निम्नलिखित पुरस्कारहरु प्राप्त गरेको कुरा उल्लेख गर्न पाउंदा हामी हर्षित र गौरन्वान्वित छौं:–

### सर्वाधिक आयकर दाखिला गर्ने होटेल व्यवसायीको सम्मान

कम्पनीले नेपाल सरकार, अर्थमन्त्रालय, आन्तरिक राजश्व विभागबाट गत २०७१ मंसिर १ गते आर्थिक वर्ष २०६९/०७० मा "होटेल व्यवसाय मध्येबाट सबै भन्दा बढी आयकर दाखिला गर्ने होटेल" को रुपमा सम्मानित भई सम्मानपत्र प्राप्त गरेको छ। उक्त सम्मानपत्र तेश्रो राष्ट्रीय कर दिवसको उपलक्ष्यमा आयोजित समारोहमा सम्माननीय अर्थमन्त्री श्री डा. राम शरण महतबाट प्राप्त गरी सम्मानित भएको जानकारी गराउन पांउदा हामीलाई अत्यन्त खुशी लागेको छ।

### ट्रिप एडभाईजर ट्राभलर्स च्वाईस अवार्ड २०१४

"ट्रिप एडभाईजर ट्राभलर्स च्वाईस अवार्ड २०१४" **(TripAdvisor Travellers' Choice Award 2014)** पुरस्कार ट्रिप एडभाईजरद्वारा यात्रुहरुलाई होटेलले प्रदान गरेको उत्पादन तथा सेवाको सर्वोत्कृष्टताको समिक्षाको आधारमा लोकप्रिय होटेल बुकिंग वेभ पोर्टलमा निरन्तररुपमा प्राप्त हुने पर्यटक पाहुनाहरुबाट प्रवाहित समिक्षात्मक दृष्टिकोण र प्रतिपुष्टीको आधारमा प्रदान गरिन्छ। उपरोक्त परिपेक्ष्यमा होटेल विश्वको सर्वोत्कृष्ट होटेल मध्येमा एउटा होटेलको रुपमा सम्मानित भई पुरस्कृत भएको सहर्ष जानकारी गराउदछौं।

### ट्रिप एडभाईजर सर्टिफिकेट अफ एक्सिलेन्स अवार्ड २०१४

होटेलले प्राप्त गरेको "ट्रिप एडभाईजर सर्टिफिकेट अफ एक्सिलेन्स अवार्ड २०१४" **(TripAdvisor certificate of Excellence Award 2014)** पुरस्कार विश्वको बृहत्तर ट्राभल इन्टरनेट साईट ट्रिप एडभाईजरले उसको साइटमा भ्रमणर्थिहरुबाट गरिएको समिक्षाका आधारमा उत्कृष्ट होटेल व्यावसायीको रुपमा सम्मानित गरिएको सम्मान पत्र हो। यो पुरस्कारले अतिथि सत्कार सम्बन्धि सेवाको उत्कृष्टताको लागि पाएको सम्मान दर्शाउछ र यो पुरस्कार त्यस्तो संस्थालाई मात्र दिइन्छ जसले निरन्तर एकरुपताका साथमा यात्रुहरुबाट उत्कृष्ट रहेको समिक्षा प्राप्त गर्न सफल हुन्छ तथा उसको गुणस्तरीय व्यावसायको ख्यातिलाई विश्वस्तरमा फैलाउन सफल भएको हुन्छ।

### सफारी इण्डिया साउथ एसिया ट्राभल अवार्डस् फर वेष्ट लग्जरी होटेल २०१४

होटेलले प्राप्त गरेको "सफारी इण्डिया साउथ एसिया ट्राभल अवार्डस् फर वेष्ट लग्जरी होटेल २०१४" **(Safari India South Asia Travel Awards for Best Luxury Hotel 2014)** पुरस्कार विश्वभरीका यात्रा सम्बन्धि लेखकहरुको प्रतिनिधि सदस्यहरु रहेको एउटा महत्वपूर्ण संगठन प्यासिफिक एरिया ट्राभल राइटरस् एसोसिएसन **(Pacific Area Travel Writers Association)** बाट संयोजित होटेलहरुको उत्कृष्टताको लागि सम्मानार्थ प्रदान गरिने पुरस्कार हो। प्यासिफिक एरिया ट्राभल राइटरस् एसोसिएसन (Pacific Area Travel Writers Association) संयुक्त राष्ट्रसंघ विश्व ट्राभल संगठन ( UNWTO) को एउटा सम्बद्ध सदस्य हो र प्यासिफिक एरिया ट्राभल राइटरस् एसोसिएसन विश्व ट्राभल फोरम (World Travel Forum) बाट समर्थित छ। सफारी इण्डिया प्रतिष्ठित क्षेत्रिय पर्यटन पत्रिका हो जसले भारत, नेपाल, श्रीलंका, बांगलादेश, पाकिस्तान, र दक्षिण पूर्वि एशियालाई लक्षित गरेर कार्य गर्दछ।

### टुडेज ट्राभलर अवार्ड – बेष्ट इन्टरनेशनल विजिनेश होटेल इन नेपाल २०१४

सोल्टी क्राउन प्लाजाले भारतको टुडेज ट्राभलरबाट **(TODAY'S TRAVELLER)** संयोजित तथा प्रदान गर्ने टुडेज ट्राभलर अवार्ड होटेल अर्न्तराष्ट्रिय श्रेणी अर्न्तगतको "बेष्ट इन्टरनेशनल विजिनेश हाटेल इन नेपाल २०१४" **(Best International Business Hotel in Nepal 2014)** पुरस्कारबाट सम्मानित भएको छ। टुडेज ट्राभलर अवार्ड अवार्ड यात्रा तथा पर्यटन उद्योग क्षेत्रमा उत्कृष्टता हांसिल गर्ने होटेललाई प्रदान गरिने भारतको अत्यधिक सम्मानित पुरस्कार हो। सन् २००७ सालमा आतिथ्यसत्कार, यात्रा र पर्यटन उद्योग क्षेत्रमा विशिष्ट सफलता तथा महत्वपूर्ण योगदान गर्नेहरुलाई सम्मान गर्न टुडेज ट्राभलर अवार्ड संस्थापना गरिएको हो।

हाम्रो होटेल वास्तुशिल्पीय दृष्टिले मनमोहक बाह्यस्वरुप, रमणीय पर्वतीय परिवेश, आरामदायक कोठाहरु, अत्याधुनिक सुविधा सम्पन्न, त्रुटिविहिन सेवा र विश्वस्तरिय सुख–सुविधाहरुले सुसम्पन्न भएको होटेलका रुपमा लोकप्रिय रहेकोले बिगत वर्षहरुमा समेत होटेलले अत्यधिक पुरस्कार एवं सम्मान प्राप्त गरेको छ ।

## अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय परिदृश्यहरु तथा तिनको व्यवसायमा पर्ने प्रभाव

विश्वव्यापीरुपमा विश्वअर्थतन्त्रको आर्थिक गतिविधिहरुमा सुदृढीकरण भई रहेकोछ र आर्थिक सुधारको गति केही अनियमित रहेतापनि उन्नत अर्थव्यावस्थाका देशहरुबाट प्राप्त आर्थिक परिसुचकको प्रभावले वर्ष २०१४/१५ मा यो स्थीतिमा थप सुधार हुदै जाने अपेक्षा गरिएको छ । अप्रिल २०१४ मा अन्तर्राष्ट्रिय मुद्रा कोषले (International Monetary Fund) प्रकाशित गरेको 'विश्व आर्थिक अवेक्षण (आउटलुक)' (World Economic outlook) प्रतिवेदनले विश्व अर्थव्यवस्था वर्ष सन् २०१३ को पहिलो अर्धबार्षिक अवधिमा २.७५ प्रतिशतले भएको विश्वको आर्थिक वृद्धिको तुलनामा सोहि वर्ष २०१३ को दोश्रो अर्धबार्षिक अवधिमा औषत रुपमा ३.७५ प्रतिशतको अभिवृद्धि भएको र वर्ष सन् २०१४ मा यसमा थप सुधार हुने अपेक्षा गरिएको जनाएको छ । वर्ष सन् २०१४ मा संसारको आर्थिक वृद्धि ३.६० प्रतिशत र वर्ष सन् २०१५ मा अभिवृद्धि ३.९० प्रतिशतले हुने प्रक्ष्येपण गरिएको छ । उदीयमान तथा विकासशिल अर्थव्यावस्थाका मुलुकहरुको आर्थिक वृद्धि ४.९० प्रतिशतले हुने प्रक्ष्येपण गरिएको छ । वर्ष सन् २०१३ मा छिमेकी राष्ट्रहरु भारत र चीनको आर्थिक वृद्धि दर यथास्थितिमा रही क्रमशः ४.४ प्रतिशत र ७.७ प्रतिशत रहेको तथा यो वृद्धि दरमा थप अभिवृद्धि भई वर्ष सन् २०१४ मा क्रमशः ५.४ प्रतिशत र ७.५ प्रतिशतले बढने अनुमान गरिएको छ । विकसित अर्थतन्त्र भएका मुलुकहरु बिस्तारै आर्थिक मन्दीको प्रभावबाट मुक्त हुदै सुधारोन्मुख रहेका छन ।

संयुक्त राष्ट्रसंघ विश्व पर्यटन संगठनको (United Nation World Tourism Organization) जुन २०१४ को प्रकाशित 'विश्व पर्यटन बैरोमिटर्स' (World Tourism Barometer) अनुसार, केहि अल्पकालिन आकस्मिक प्रतिकुलता बाहेक विश्वव्यापी अन्तर्राष्ट्रीय पयर्टक आवागमन अभिबृद्धिमा कुनै व्यावधान अभिलेख गरिएको छैन र अन्तर्राष्ट्रीय पयर्टक आवागमनमा निरन्तर अभिबृद्धि अभिलेख हुदै गएको पाइन्छ जसअनुसार बर्ष सन् १९५० मा विश्व पयर्टक आवागमनको संख्या ५२ करोड ८० लाख रहेकोमा सन् १९८० मा २७ करोड ८० लाख, त्यसैगरी सन् १९९५ मा ५२ करोड ८० लाख रहेकोमा सन् २०१३ मा एक अर्ब आठ करोड ७० लाख अन्तर्राष्ट्रीय पर्यटक आवागमन भएको अभिलेख छ । बर्ष सन् २०१२ को १ अर्ब ३ करोड ५० लाख को विश्वव्यापी अन्तर्राष्ट्रीय पयर्टकहरुको आवागमनको तुलनामा वर्ष सन् २०१३ मा ५ प्रतिशतले बृद्धि भएको देखिन्छ । विश्वव्यापी अर्थतन्त्रका चुनौतिहरुका बाबजुद पनि अन्तर्राष्ट्रीय पर्यटनको परिणाम पूर्व प्रत्याशा गरिए भन्दा धरै उच्च रहेको थियो । संयुक्त राष्ट्रसंघको विश्व पर्यटन संगठनले प्रकाश पारेको पूर्वानुमान अनुसार, मध्य पूर्वी देशहरु बाहेक विश्वका अन्य बांकी सबै क्षेत्रीय महादेशहरुको अन्तर्राष्ट्रीय पर्यटक आवागमनमा अभिबृद्धि देखियो । एशीया तथा प्रशान्त र अमेरीकी देशहरुको सवै भन्दा बढी ६ प्रतिशतको सुदृढ वृद्धि भएको देखियो भने युरोप र अफ्रीकी देशहरुले त्यसलाई पछ्याउदै प्रत्येकले ५ प्रतिशत र अमेरीकाको ३ प्रतिशतको अभिबृद्धि देखियो । क्षेत्रियतर्फ, एशीया तथा प्रशान्त क्षेत्रका देशहरुले आफ्नो पर्यटन अभिबृद्धिलाई सुदृढ पार्दै दक्षीण एशीयाको ८ प्रतिशत तथा उत्तर पुर्व एशीयाको ७ प्रतिशतको उत्साहजनक अभिवृद्धि देखिएको छ ।

संयुक्त राष्ट्रसंघ विश्व पर्यटन संगठनको (United Nation World Tourism Organization) दीर्घकालिन प्रक्ष्येपण सन् २०१० देखी २०२० सम्मको दश वर्षे पूर्वानुमान अनुसार अन्तर्राष्ट्रीय पर्यटनको परिणाम हालसम्म आर्थिक अस्थिरताका बाबजुद पनि त्यसमा कुनै गम्भिर प्रतिकुल असर नपरेकोले औषतम वार्षिक ३.८ प्रतिशतले क्रमिक वृद्धि भई रहेको छ । त्यस्तै, सन् २०१४ मा अन्तर्राष्ट्रीय पर्यटक आवागमनको दीर्घकालिन प्रक्ष्येपणलाई उछिन्दै ४ देखी ४.५ प्रतिशत सम्मको अभिबृद्धि हुने पूर्वानुमान गरिएको छ । वर्ष सन् २०१४ को एशीया र प्रशान्त क्षेत्रमा अन्तर्राष्ट्रीय पर्यटन अवागमन को पूर्वानुमान उच्चतम ५ देखी ६ प्रतिशत सम्मको, अफ्रीका ४ देखि ६ प्रतिशत युरोप तथा अमेरिका दुवैको क्रमशः ३ र ४

प्रतिशत तथा हाल अस्थिर रहेको मध्य पूर्वमा सकारात्मक संभावना सहित ० देखि ५ प्रतिशतको वृद्धि हुने प्रक्ष्येपण गरिएको छ। चीनले पर्यटन श्रोत बजारको रुपमा विश्वस्तरमै आफ्नो स्थिति पहिलो स्थानमा सुदृढ पारेको छ।

नेपालको अर्थतन्त्रको संरचनामा विस्तारै परिर्वतन आईरहेको छ । नेपालीहरुको कुल गार्हस्थ्य उत्पादनको आधारमा प्रतिव्यक्ति आय ७ सय ३ अमेरिकी डलर पुगेको छ। उपभोक्ता मुल्य सूचांकमा आधारित वार्षिक मुद्रास्फीतिदर गत आर्थिक वर्षको ९.९ प्रतिशत रहेकोमा समीक्षा आर्थिक वर्षमा घटन गई ९.० प्रतिशत कायम रह्यो।

नेपाल सरकारद्वारा प्रकाशित नेपालको 'आर्थिक सर्वेक्षण २०७०/७१' अनुसार नेपाल भ्रमणमा आउने पर्यटकहरुको संख्या सिमान्तरुपमा ०.७ प्रतिशतले घटन गई अघिल्लो वर्ष सन् २०१२ को ८ लाख ३ हजार ९२ को तुलनामा वर्ष सन् २०१३ मा ७ लाख ९७ हजार ७ सय ५९ रह्यो। वर्ष सन् २०१२ को अवधिमा प्रति पर्यटक वसाई अवधि औषत १२.९ दिन रहेकोमा सोमा कमी आई वर्ष सन् २०१३ को अवधिमा प्रति पर्यटक वसाई अवधि औषत १२.६ दिन रह्यो । वर्ष सन् २०१३ को अवधिमा भारत नेपालका लागि पर्यटन श्रोत बजारको रुपमा पहिलो नम्वरमा रही रह्यो भने चीनले दोश्रो नम्वरको श्रोत बजारको रुपमा पछ्याई रह्यो। पर्यटन क्षेत्रवाट आर्जित राष्ट्रिय आम्दानी लगभग ३१ अरव भन्दा बढी रहेको छ त्यस्तै एक जना नेपाल आउने पर्यटकले औषत प्रति दिन ३५ अमेरिकी डलर खर्च गर्दछ । कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान लगभग २ प्रतिशत रहेको छ तथा आर्थिक वर्ष २०१३/१४ मा १ लाख ७८ हजार व्यक्तिहरुलाई प्रत्यक्ष रोजगारी समेत दिएको छ।

नेपालमा बिक्रम सम्बत् २०६६ जेठ (सन् २००९ जून) देखी अन्तर्राष्ट्रिय पर्यटक आगमनमा निरन्तर बृद्धि हुने प्रवृत्ति देखिएको छ । तर, समीक्षा वर्ष २०१३ को दोश्रो भाग तिर आएर पर्यटक आगमनमा गीरावट देखापर्‍यो । यस्तो गिरावट आउनुले अन्तर्राष्ट्रिय पर्यटक आवागमनमा निहित सम्बेदनशिल तथा अस्थिर स्वाभावतर्फ संकेत गर्दछ जोकि सजिलैसंग भ्रमण खर्च, यात्राको मौसम, राजनितिक अस्थिरता, व्यस्थित पर्यटन पूर्वाधारका भौतिक संरचनाहरु, आदि कारणबाट सजिलै प्रभावित हुन सक्दछन । समग्रमा समीक्षा आर्थिक वर्षमा होटेलको कार्यसम्पादनका उपलव्धिहरु सन्तोषजनक रहेका छन् । अघिल्लो आर्थिक वर्षको तुलनामा समक्षिा आर्थिक वर्षको कोठा अक्यूपेन्सी ७३.६१ प्रतिशतबाट घटेर ७१.३३ प्रतिशत भएतापनि कम्पनीको कर पछिको मुनाफा २९.७२ प्रतिशतले बढेको छ। यो कम्पनीको व्यवस्थापक समुहको खर्च नियन्त्रण गर्ने निरन्तर प्रयास तथा त्यसमा संचालक समितिको सक्रिय नियमित केन्द्रित संयोजित भुमिकाबाट संभव हुन सकेको हो । होटेलले अघिल्लो आर्थिक वर्षको जम्मा आम्दानी लगभग रु. १ अर्ब २६ करोड ८० लाख ६० हजारको तुलनामा समिक्षा आर्थिक वर्षमा सरदर १०.९८ प्रतिशतको वृद्धि सहित कुल लगभग रु. १ अर्ब ४० करोड ७२ लाख ३० हजार आम्दानी गरेको छ। अघिल्लो आर्थिक वर्षको कोठारात्री ७५,७६३ को तुलनामा समीक्ष आर्थिक वर्ष २०१३/१४ मा ७१,१४८ रह्यो।

होटेलको औषत कोठा दरमा ११.१६ प्रतिशतले सुधार आई गत आर्थिक वर्ष २०६९/०७० (२०१२/१३) को रु. ६,८२२ रहेको तुलनामा समीक्षा आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) मा रु.७,५८३ रह्यो । परिणामस्वरुप, कोठा आम्दानी गत वर्षको रु. ५१ करोड ६९ लाखको तुलनामा समीक्षा आर्थिक वर्षमा रु. ५३ करोड ९५ लाख पुग्यो।

होटेलको प्रति उपलब्ध कोठा आम्दानीमा पनि सोही अनुसार सुधार आई गत वर्षको रु. ५,०२२ बाट बृद्धि भई रु. ५,४०९ पुगेको छ।

त्यसैगरी, खाना तथा पेय पदार्थतर्फ पनि १५.५२ प्रतिशतको संतोषजनक बृद्धि भई गत अर्थिक वर्षको रु. ६६ करोड १२ लाखको तुलनामा समीक्षा आर्थिक वर्षमा रु. ७६ करोड ३४ लाख पुगेकोछ। कम्पनीको कर पछिको खुद मुनाफा गत आर्थिक वर्षको तुलनामा समीक्षा आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) मा २९.७२ प्रतिशतले वृद्धि भएको छ।

## चालु आर्थिक वर्षको कार्यसम्पादन तथा भविष्यको दृष्टिकोण

चालु आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) मा पनि होटेलको कार्यसम्पादनमा वृद्धि हुने क्रम निरन्तर कायम रहेको छ। तद्नुरुप, चालु आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को २०७१ भाद्र (सन् २०१४ सेप्टेम्वर) महिना सम्म होटेलको कुल आम्दानीमा १०.६६ प्रतिशतको अभिवृद्धि देखिएको छ। गत आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) को जुलाई १७ देखी सेप्टेम्वर ३० सम्मको अवधिमा होटेलले २४ करोड ४८ लाख ८० हजारको आम्दानी गरेको तुलनामा चालु आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को सोही अवधिमा कुल आम्दानी २४ करोड ४८ लाख ८० हजार गरेको छ।

गत आर्थिक वर्षको कोठा अक्यूपेन्सि ६३.०२ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको २०७१ भाद्र (सेप्टेम्वर २०१४) सम्मको कोठा अक्यूपेन्सि ७०.०३ प्रतिशत रहेकोछ। त्यस्तै, औषत कोठा दर (ARR) तथा प्रति उपलब्ध कोठा आम्दानीमा ( RevPAR) गत आर्थिक वर्षको क्रमशः रु. ७,३०८ र रु.४,६०५ रहेको तुलनामा क्रमशः रु. ७,२०४ र रु.५,०४५ रहेकोछ।

अन्तर्राष्ट्रिय मुद्रा कोषको (International Monetary Fund) सन् २०१४ जुलाई महिनामा प्रकाशित 'वर्ड इकोनोमिक्स आउटलुक' (World Economic Outlook) प्रतिवेदन अनुसार, विश्व अर्थव्यवस्थाको विकासको बृद्धिदर सन् २०१४ मा ३.४ प्रतिशतले र २०१५ मा ४ प्रतिशत प्रक्षेपण गरिएकोछ।

वर्ष सन् २०१४ मा अन्तर्राष्ट्रिय पर्यटक आगमनमा ४ देखि ४.५ प्रतिशतको स्थायीदरमा वृद्धि हुने अपेक्षा गरिएको छ। संयुक्त राष्ट्रसंघ विश्व पर्यटन संगठन (United Nation World Tourism Organization) द्वारा प्रकाशित 'टुरिस्म टुवर्डस् २०३०' (Tourism Towards 2030) अनुसार वर्ष सन् २०१४ को लागि प्रक्ष्येपित अभिबृद्धि, यस पूर्व वर्ष सन् २०१० दखि २०३० सम्मको लागि गरिएको दीर्घकालिन पूर्वानुमान अनुमानित ३.३ प्रतिशतको प्रति वर्ष बृद्धि दर भन्दा बढी रहेको छ। वर्ष सन् १९८० मा उदीयमान अर्थतन्त्रका देशहरुको पर्यटन बजार हिस्सा ३० प्रतिशत रहेकोमा वर्ष सन् २०१३ मा ४७ प्रतिशत हुन पुगेको छ र यो हिस्सा ५७ प्रतिशत पुग्ने अनुमान गर्दै अन्तर्राष्ट्रिय पर्यटक आवागमन एक अर्ब भन्दा बढी हुने अपेक्षा गरिएको छ। एशीया प्रशान्त क्षेत्रका लागि अनुमानित पर्यटन अभिवृद्धि उत्साहजनक ५ देखी ६ प्रतिशत सम्मको हुने पूर्वानुमान गरिएकोछ। यसले एशीया प्रशान्त क्षेत्रलाई अधिकतम पर्यटक भ्रमणार्थिहरुले आफ्नो रुचिको पहिलो गन्तब्यकारुपमा लक्षित गरि रहेका छन भन्नेतर्फ संकेत गर्दछ। यो महत्वपूर्ण प्रगतिशील अभ्यासले निश्चितरुपमा यस क्षेत्रमा रहेका हाम्रा पर्यटन उद्योगहरुको लागी एउटा सकारात्मक लक्षणको प्रवाह गर्दछ।

त्यसैप्रकार, विश्व यात्रा तथा पर्यटन परिषद (World Travel and Tourism Council) द्वारा प्रकाशित "यात्रा र पर्यटनको आर्थिक प्रभाव २०१३" (Travel and Tourism Economic Impact 2013) प्रतिवेदन अनुसार वर्ष २०१३ मा नेपालको पर्यटन क्षेत्रमा रु. १४ अर्ब ६० कारोड पूँजी लगानी रहेको दर्शाइएको छ र वर्ष २०१४ मा यस क्षेत्रको लगानी २.७ प्रतिशतले बृद्धि हुने अपेक्षा गरिएको छ।

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले आफ्नो आन्तरीक उडानहरुको लागि थप विमान (एयरक्राफ्ट) खरीद गर्ने प्रक्रियाको थालनी गरिसकेको छ। त्यसका अतिरिक्त धेरै वर्षको अन्तराल पछि नेपाल वायुसेवा निगमले अन्तर्राष्ट्रिय क्षेत्रको उडानको लागी एयरबस कम्पनीबाट एउटा नितान्त नयाँ विमान (एयरक्राफ्ट) ल्याउंने प्रक्रिया शुरु गरिसकेको छ। थप अन्य नयाँ अन्तर्राष्ट्रिय हवाई कम्पनिहरुले पनि नेपालतर्फ थप उडान गर्ने योजना बनाई रहेका छन्। राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको सन् २०१६ सम्म नयाँ विमान (New Aircraft) ल्याउने प्रतिबद्धताले नेपालको पर्यटन उद्योगमा ठुलो संभावना सहित सुधारको ढोका खुल्ने निश्चित छ।

विद्यमान अन्तर्राष्ट्रिय एयरलाईन्स कम्पनीहरुले पनि नेपालतर्फ आउने अन्तर्राष्ट्रिय भ्रमणार्थि पर्यटकहरुको आपूर्तिलाई लक्षित गरी आफ्नो हवाई उडानहरुको फ्रिक्वेन्सीलाई बढाउने तयारी गरिरहेका छन्। हालसालै सम्पन्न भएको वायु सेवा सम्झौताको (Air Service Agreement) पुनरावलोकन पश्चात् चीनबाट नेपालतर्फ उडान भर्ने अन्तर्राष्ट्रिय एयरलाईन्स कम्पनीहरुले उनिहरुको नेपालतर्फको उडान फ्रिक्वेन्सीलाई बढाई सकेका छन। वर्तमानमा तिनवटा चीनका अन्तर्राष्ट्रिय

एयरलाईन्सहरुले नेपाल तर्फ नियमितरुपमा निर्धारित उडानहरु सञ्चालन गरिरहेका छन र परिणामस्वरुप चीनका भ्रमणार्थि पर्यटकहरुको आगमनमा उल्लेख्य बृद्धि भएको देखिएको छ । मलेशियन एयरलाईन्स र दुबाई आधारित बजेट एयरलाईन्स हवाइ कम्पनी फ्लाई दुबाई (Fly Dubai) कम्पनीले पनि आफ्ना थप उडान सञ्चालन गर्नका लागि निवेदन दिएको बुफिएको छ । नेपाल सरकारले भैरहवाको विमानस्थललाई गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलकोरुपमा पुर्ननिर्माण गर्ने तथा पोखराको विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तरोन्नति गर्ने निर्णयको परिणामस्वरुप भविश्यमा दुवै स्थानहरु लुम्बिनी तथा पोखरामा थप पर्यटकहरुको आगमन भई पर्यटनमा उल्लेख्य वृद्धि हुने अपेक्षा गरिएको छ ।

देशमा लगानीको वातावरणलाई सुधार गर्नुपर्ने आवश्यकता छ । अघिल्ला वर्षहरुमा जस्तै, लामो समयसम्म नियमितरुपमा प्रतिदिन प्रतिघण्टा बिद्युत आपूर्तिमा कटौती, इन्धनको अभाव, आधारभूत भौतिक संरचनाहरुको सुस्त गतिमा विकास हुनु आदिलाई नेपालको पर्यटन उद्योगको विकासका लागि प्रमुख अवरोधककारुपमा लिन सकिन्छ । देशका सबै क्यासिनोहरुको सञ्चालन बन्द गरिनुबाट पनि पर्यटन उद्योगहरुलाई ठुलो क्षति हुनपुगी होटेलहरुको आम्दानीमा समेत ह्रास आएको छ ।

अफ्रीकी उपमहाद्विपका देशहरु खासगरी पश्चिम अफ्रिकी मुलुकहरुमा ईबोला माहामारी सरुवारोगको प्रकोप फैलिएपछि विश्वव्यापी पर्यटनमा त्यसको नकारात्मक प्रभाव देखियो जसको परिणामतस्वरुप विश्वका प्रमुख अन्तर्राष्ट्रिय एयरलाईन्स सञ्चालकहरुले ईबोला माहामारी प्रभावित मुलुकहरुमा सञ्चालित उनिहरुका सबै हवाई उडानहरु स्थगित गरे । ईबोला माहामारी प्रभावित मुलुकहरुमा भ्रमणार्थिहरुलाई यात्रा नगर्न यात्रा परामर्शहरु (ट्राभल एडभाईजरिज) जारी गरियो ।

संक्षेपमा, सम्पूर्ण पर्यटन उद्योगका दुवै पहलु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जुनसुकै जोखिममुक्त नभएको भएतापनि अनुग्राह्यतापूर्वक आशावादी भने रहेको छ ।

कम्पनीले व्यवसायिक रणनितिक योजना, सुदृढ, शसक्त र प्रभावकारी बजार व्यावस्थापनबाट आफ्नो बजार खण्डको अभिबृद्धि गर्दै जाने, प्रभावशाली व्यावसायिक कार्यप्रणालीको माध्यमबाट पर्यटन क्षेत्रका बाह्य विषम परिस्थितिहरुको प्रभाव न्यूनीकरण गर्दै, सुदृढ र सक्षम व्यवस्थापनबाट होटेलका उत्पादन तथा सेवाहरुको स्तरोन्नति गर्ने तथा यस क्षेत्रमा सृजना हुने पर्याप्त अवसरहरुको समुचित सदुपयोग गर्दै कुशल प्रबन्धनको आफ्नो प्रयासलाई निरन्तर गतिशिल बनाउने क्रियाकलाप जारी राख्नेछ ।

## उत्पादन एवं सेवाहरुको स्तरोन्नति (Product and Service Up-gradation)

कम्पनीले होटेलका उत्पादन तथा सेवाहरुलाई स्तरोन्नती गर्ने योजनालाई निरन्तरता दिएको छ । कम्पनीले समीक्षा आर्थिक वर्ष २०७०/७१ मा स्तरोन्नती योजनाको पहिलो चरणामा हिमालय विङ्ग ब्लकको पाँचौ तल्लाका तेंतिसवटा पाहुना कोठाहरुको र एउटा विशेष प्रतिक्षालय (Executive Lounge) को स्तरोन्नतीको पुर्ननिर्माण कार्य सफलतापूर्वक सम्पन्न गरी २०७१ भाद्र ३० गते होटेल व्यवस्थापकलाई सञ्चालनका लागि हस्तानान्तरण गरी सकेको छ । कम्पनिले हिमालय विङ्ग ब्लकमा रहेका सम्पूर्ण १७९ पाहुना कोठाहरुलाई स्तरोन्नति गर्ने योजना तयार गरी तिनको कार्यान्वयनको थालनी गरी सकेको छ । स्तरोन्नति गर्ने योजनालाई चरणबद्ध रुपमा होटेलको नियमित व्यावसायीक गतिविधिहरुलाई न्यूनतम प्रभाव पर्ने गरी कार्यान्वयन गरिदै लगिने छ । कम्पनिको हिमालय विङ्ग ब्लकको स्तरोन्नती अन्तर्गत पाहुना कोठाहरुको नविनिकरण, कोठाहरुको सम्पूर्ण फर्निचर तथा फिक्चरहरुको रुपान्तरण, अत्याधुनिक प्रविधियुक्त भलक सहितको स्नानागार (बाथरुम), काठखण्ड निर्मित फर्श (Parquet Floor) पाहुना कोठाहरुको संरचनागत उंचाईमा सुधार, तथा राम्रो साजसज्जाको लागि उपलब्ध आधुनिकतम प्रविधियुक्त नयां भित्रीछत (New Ceiling), अतिथिहरुको सुरक्षा तथा आरामदायिकता अनुरुप सेवासुविधा विस्तार तथा स्तोरोन्नती गर्ने कार्य पर्दछन । कम्पनिले हिमालय विङ्ग ब्लकको अर्को तल्लाको स्तोरोन्नती गर्ने कार्यको थालनी आगामी सन् २०१५ अप्रिल महिना देखि शुरु गर्ने योजना बनाएको छ ।

व्याक अफ दि हाउस - मेकानिकल, इलेक्ट्रिकल तथा प्लम्बिंग परियोजना अन्तर्गतको हिट पम्प, सोलार प्यानल र बाँयलर सन्यत्रहरु बिच एक आपसमा संघठित गरी प्रभावशाली रुपमा एकीकृत गर्ने कार्यमा प्रगति भई रहेको छ । एउटा चार टन शक्तिको बाँयलर पहिलेनै जडान गरी सकिएको छ ।

चालु आर्थिक वर्षमा कम्पनीले मुख्य प्रीतिभोज सभा समारोह (बैंक्यूटिङ्ग) सुविधा अन्तर्गतको 'मेघा मल्हार' सम्मेलनगृहलाई स्तरोन्नति गर्ने योजना तर्जुमा गरेको छ, जसको निर्माण २० वर्ष अघि अर्थात १९९४ मा निर्माण सम्पन्न भएको थियो ।

## पूँजिनिवेश विविधिकरण

कम्पनिले गत आर्थिक वर्ष काठमाण्डौं उपत्यका बाहिर कम्पनीको ट्रेडमार्क तथा ब्राण्ड अर्न्तगत होटेलहरु सञ्चालन गर्ने व्यावसायीक रणनितिक निर्णय अनुसार कम्पनिको पूर्णस्वामित्व रहेको कम्पनी ऐन, २०६३ अर्न्तगत संस्थापित सोल्टी हस्पिटालिटि लिमिटेड नामको एउटा सहायक कम्पनी संस्थापना गरी उक्त कम्पनीको शेयर पूँजिमा ४ करोड ६० लाख रुपैंयां लगानी गरीसकेको छ । त्यसै अनुरुप कम्पनिले सहायक कम्पनी सोल्टी हस्पिटालिटी लिमिटेड मार्फत उपरोक्त रकमलाई अन्य स्वदेशी कर्पोरेट लगानीकर्ताहरुसंगको सहकार्यमा एउटा संयुक्त लगानीको कम्पनी सोल्टी शिवक्रिम होटल्स तथा रिसोर्टस प्रा. लि. संस्थापना गरी सोमा लगानी गरेको छ र सोहि कम्पनी मार्फत नेपालगञ्ज र पोखरामा होटेल निर्माण गरी सञ्चालन गर्नका लागि क्रियाशिल छ । उक्त कम्पनीले नेपालगञ्जमा होटेल निमार्ण कार्यको शिलान्यास गरिसकेको तथा पोखराको खपौंदीमा होटेल निमार्णार्थ जग्गा खरिद गरि सकेको छ ।

## कम्पनीको औद्योगिक तथा व्यावसायिक सम्बन्ध

समीक्षा आर्थिक वर्षको अवधिमा कम्पनीको कर्मचारीहरुसंगको सम्बन्ध अत्यन्त सुमधुर सौहार्दपूर्ण र उत्कृष्ट रहेको सहर्ष जानकारी गराउंदछ । होटेल व्यवस्थापन र कर्मचारीहरु दुबैबाट अत्यन्त सौहार्दपूर्ण वातावरणमा सामुहिक रुपमा होटेलका अतिथि पाहुनाहरुलाई उपलब्ध साधनश्रोतको प्रयोग गर्दै सर्वोत्कृष्ट सेवा प्रदान गर्ने तथा होटेललाई भेटघाट गर्नको लागि सर्वोत्तम ठाँउ बनाउने साझा लक्ष्य प्राप्त गर्ने कार्यका लागि एकजुट भई परस्पर सहकार्य गरी लक्ष्य अनुरुप कार्यसम्पादन भयो । कम्पनीको व्यवस्थापन र कर्मचारीसंगठनहरु बीच अत्यन्त सुमधुर र सौहार्दपूर्ण परस्पर सम्बन्ध कायम रहेकोछ ।

सोल्टी परिवारका सम्पूर्ण कर्मचारीहरुको उच्चस्तरको प्रतिवद्धता, समझदारी र व्यवस्थापन टोलीसंगको सहकार्य एवं समर्थनको सराहना तथा प्रशंसा गर्दै यहांहरुको कम्पनीको उन्नतीमा अरु थप उच्चस्तरको सहयोग मिल्ने कुरा प्रति हामी विश्वस्त छौं ।

होटेलका पाहुना ग्राहकहरु, आपूर्तिकर्ताहरु र सेवाप्रदायकहरु, बैंक तथा वित्तीय संस्थाहरु र अन्य एजेन्सीहरु, ठेकेदारहरु र परामर्शदाताहरु, ट्राभल एजेन्सी र एयरलाईन्सहरु, सरकारी निकायका अधिकारीहरु र नियमक निकायहरुसंग कम्पनीको अत्यन्त राम्रो व्यावसायिक सौहार्दपूर्ण सम्बन्ध रह्यो ।

## संचालक समितिमा हेरफेर र त्यसको कारण

समिक्षा आर्थिक वर्षमा, कम्पनीको सञ्चालक समितिको सदस्यमा नेपाल वायुसेवा निगमको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्न श्री गणेश बहादुर चन्दको सट्टामा श्री रामहरी शर्मा सेढाई सञ्चालक मनोनित हुनु भयो । तत्पश्चात्, नेपाल वायुसेवा निगमको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने श्री रामहरी शर्मा सेढाईको स्थानमा श्री सरोज कुमार कसजुलाई सञ्चालक समितिको सदस्यमा मनोनित गर्‍यो ।

त्यसपछि, चालु आर्थिक वर्षमा नेपाल वायुसेवा निगमले श्री सरोज कुमार कसजुको सट्टा श्री रामहरी शर्मा सेढाईलाई नेपाल वायुसेवा निगमका तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्नका लागि पुन: सञ्चालक समितिको सदस्यमा मनोनित गरेको छ ।

त्यसै प्रकार कम्पनीको सञ्चालक समितिको सदस्यमा होलिडे इन्स इन्भेष्टमेण्ट (नेपाल) लिमिटेड, हङ्गकङ्गको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्नका लागि श्री डगलस एन्थोनी मार्टेलको ठांउमा श्री वेंकटेश गोमाटामलाई सञ्चालक समितिको सदस्य तथा निजको बैकल्पिक सञ्चालककमा श्री राजिव शर्मालाई मनोनित गरेको छ । श्री राजिव शर्मा श्री डगलस एन्थोनी मार्टेलका पनि बैकल्पिक सञ्चालक हुनुहुन्थ्यो ।

सञ्चालक समिति, श्री वेंकटेश गोमाटाम, सञ्चालक श्री राजिव शर्मा, बैकल्पिक सञ्चालक, श्री रामहरी शर्मा सेढाई, सञ्चालकलाई कम्पनीको सञ्चालक समितिको सदस्यको रुपमा स्वागत गर्दछ।

श्री गणेश बहादुर चन्द, श्री डगलस एन्थोनी मार्टेल, र श्री सरोज कुमार कसजुले उहांहरुको कार्यकालमा कम्पनीको सञ्चालक समितिको सदस्यको रुपमा कम्पनीलाई पु¥याउनु भएको महत्वपूर्ण योगदानको कदर एवं प्रसंशा गर्दछ।

## संचालक समितिका बैठकहरु

कम्पनीको सञ्चालक समितिका बैंठकहरु नेपालको कम्पनी ऐन, २०६३ बमोजिम सञ्चालित गरिन्छ। कम्पनीको सञ्चालक समितिको होटेलको कार्यसम्पादन सम्बन्धी सबै बैंठकहरुमा होटेलका महाप्रबन्धक स्थायी आमन्त्रितका रुपमा रहेका छन। समिक्षा आर्थिक वर्ष २०७०/७१ अवधिमा कम्पनीको सञ्चालक समितिका ६ वटा बैंठकहरु सञ्चालन भए। कम्पनीको सञ्चालक समितिका सदस्यहरुलाई सो बैठक भत्ता वापत जम्मा ५,०५,८९५ भुक्तान गरियो।

## कम्पनीको कारोबारलाई असर पार्ने मुख्य कुराहरु

सन वर्ष २०१३ मा विश्वको अर्थव्यवस्था यथास्थितिमा मिश्रीत अवस्थामानै रह्यो। चालु वर्ष २०१४ मा यो अवस्थामा सुधार आउने अपेक्षा गरिएको छ। नेपालको समग्र आर्थिक सुचकांकहरुले विश्व अर्थव्यवस्थामा रहेको मिश्रित प्रवृत्तिहरुलाई पछ्याई रहेको देखाएको छ। यूरोक्षेत्र त्यहां आएको आर्थिक मन्दीको प्रभावबाट क्रमश: सुधारोन्मुख रहेको छ। यसबाट युरोपियन देशहरुबाट भ्रमणार्थ आउने पर्यटकहरुको आगमन संख्यामा सुधार आउन सक्ने अवस्था छ।

देशमा लगानी मैत्री वातावरणको अभाव, बढ्दो मुद्रास्फीति, उर्जाशक्तिको संकट, र समग्र पर्यटकीय भौतिक पूर्वाधारका संरचनाहरु तथा पर्यटकहरुलाई चाहिने सुविधाहरुको कमीले गर्दा समग्र पर्यटक आगमनमा असर परेको छ।

साथै, प्रकृतिक सौन्दर्य दृश्यावलोकनका सुबिधाहरु र पर्वतारोहण, हवाई सिट उपलब्धता र आन्तरिक तथा बाह्य यातायातका सुविधाहरु, नेपालका धार्मिक तथा पुरातात्वीक महत्वका स्थलहरुको पूर्वाधार संरचनाहरुको विकाश तिनको संरक्षण गरि धार्मिक पर्यटकहरुलाई आकर्षित गर्ने तर्फ सुधार गर्नुपर्ने अवस्था समेत विद्यमान रहेको छ।

त्यसै गरि, विदेशी लगानी सम्बन्धि निति, पूर्वाधारका भौतिक संरचनाहरुको विकाशमा सुधार गर्ने तथा देशमा पर्यटन मैत्री वातावरण स्थापित गरीनु पर्दछ जसबाट पर्यटन उद्योगको अभिवृद्धि हुन गई देशलाई अधिकतम फाईदा हुन सकोस।

## लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भए सोउपर संचालक समितिको प्रतिक्रिया

लेखापरीक्षण प्रतिवेदनमा लेखापरीक्षकहरुले कुनै पनि कैफियत उल्लेख गरेका छैनन्।

लेखापरीक्षकको प्रतिवेदनले समिक्षा आर्थिक वर्षमा कम्पनीको कार्यसंचालन, लाभदायिकता, तथा आर्थिक अवस्था संतोषजनक रहेको दर्शाएकोछ। संचालक समितिले कम्पनीको संचालन गतिविधिहरुको कार्यकुशलताको अरुबढी सुधार गर्नका लागि लेखापरीक्षकबाट प्राप्त सुझाव, सल्लाह र सिफारिसहरुको पूर्ण अनुपालना गर्न व्यवस्थापनलाई निर्देशन दिएको छ।

## लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम

कम्पनीको संचालक समितिले शेयरधनी महानुभावहरुलाई कम्पनीको चुक्ता पूंजीको १७.८९४७३६८४ प्रतिशतले हुने कुलयोग रु. ५३,८४०,००६/= नगद लाभांश र ४० प्रतिशत बोनश शेयर अर्थात कम्पनीको प्रत्येक ५ (पांच) कित्ता शेयरका लागि २ (दुई) कित्ता बोनश शेयरले हुन आउने कुलयोग बोनश शेयर संख्या १२,०३४,८२५ कित्ता सिफारिश गरेको छ।

## सहायक कम्पनी

यस कम्पनीको सहायक कम्पनी श्री एच आई सोल्टी होटेल कम्पनी प्राईभेट लिमिटेड, तथा श्री सोल्टी हस्पिटालिटी लिमिटेडले आफ्ना व्यावसायिक गतिविधिहरु हालसम्म सञ्चालन नभएको प्रतिवेदन दिएका छन्।

दुबै सहायक कम्पनीको लेखापरीक्षण गरिएको २०७१ आषाढ ३२ गते तद्नुसार १६ जुलाई २०१४ मा समाप्त भएको आर्थिक वर्षको संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, २०७१ आषाढ ३२ (१६ जुलाई २०१४) को आय विवरण, र सोही मितिको नगद प्रवाह विवरणहरु समावेश रहेको आर्थिक विवरणहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा १४३ तथा अन्य प्रयोज्य व्यवस्था भए सोही बमोजिमको अनुपालनाको प्रयोजनार्थ यसै प्रतिवेदनको अभिन्न अंगको रुपमा संलग्न गरेका छौं ।

## वैधानिक लेखापरीक्षकको नियुक्ति

कम्पनीका वैधानिक लेखापरीक्षक श्री टी आर उपाध्या एण्ड कं., चार्टर्ड एकाउण्टेण्टस् काठमाण्डौंले ४०औं वार्षिक साधारण सभा सम्पन्न भए पश्चात् उहांहरुको कार्यकाल समाप्त हुँदैछ र कम्पनी ऐन, २०६३ को दफा १११ को उपदफा ३ को प्रावधान बमोजिम निजहरु पुन: नियुक्त हुन सक्नु हुने छैन । शेयरधनी महानुभावहरुको सभाले, संचालक समितिको लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) का लागि कम्पनीको वैधानिक लेखापरीक्षक नियुक्ती र निजहरुको पारिश्रमिक निर्धारण गर्नुपर्नेछ ।

## संचालक समितिका अन्य उप समितिहरु

### मोहियानी जग्गा दर्ता समिति
### (TENANT LAND REGISTRATION COMMITTEE)

कम्पनीको मोहियानी जग्गा दर्ता समितिमा तीन जना सञ्चालक समितिका सदस्यहरु श्री दिनेश बहादुर बिष्ट (अध्यक्ष), श्री रवि भक्त श्रेष्ठ (सदस्य) र श्री निरंजन कुमार टिबरेवाला (सदस्य) रहनु भएको छ ।

मोहियानी जग्गा दर्ता समितिको मुख्य उद्देश्य एवं कार्य कम्पनीको मोहियानी हक अर्न्तगतको होटेल परिसर भित्र रहेको जग्गा कम्पनीको नाँउमा जग्गाधनी दर्ता कायम गर्न कम्पनीको संचालक समितिलाई महत्वपूर्ण परामर्श सल्लाह सुझाव र सफिारिश प्रदान गर्ने रहेकोछ । समितिले कम्पनीको संचालक समिति समक्ष प्रतिवेदन पेश गर्दछ । कम्पनी सचिवले समितिको सचिवको रुपमा कार्य गर्ने गर्दछ ।

आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) मा समितिको जम्मा एक पटक बैठक बस्यो । कम्पनीले समितिका गैर कार्यकारी संचालक सदस्यहरुलाई कुल रु. २३,५३०/- बैठक भत्ता वापत भुक्तानी गर्‍यो ।

### क्यासिनो अनुमतीपत्र तथा सम्पत्ति वहाल समिति
### (CASINO LICENCE AND PROPERTY LEASE COMMITTEE)

कम्पनीको क्यासिनो अनुमतीपत्र तथा सम्पत्ति वहाल समितिमा चार जना संचालक समितिका सदस्यहरु श्री दिनेश बहादुर बिष्ट, श्री विजय बहादुर श्रेष्ठ, श्री निरंजन कुमार टिबरेवाला र श्री राजेश काजि श्रेष्ठ सदस्यहरु रहनु भएको छ । श्री दिनेश बहादुर बिष्ट क्यासिनो अनुमतीपत्र तथा सम्पत्ति वहाल समितिका अध्यक्ष हुनुहुन्छ । समितिले कम्पनीको संचालक समिति समक्ष प्रतिवेदन पेश गर्दछ । कम्पनी सचिवले समितिको सचिवको रुपमा कार्य गर्ने गर्दछ ।

### पारिश्रमिक पुर्नविचार समिति
### (REMUNERATION REVISION COMMITTEE)

कम्पनीको सञ्चालक समितिले २०७१ आषाढ २७ (११ जुलाई २०१४) गते कार्यसञ्चालन व्यवस्थापनमा संलग्न नरहनु भएको चार सञ्चालक समितिका सदस्यहरु, श्री रवि भक्त श्रेष्ठको संयोजकत्वमा, श्री विजय बहादुर श्रेष्ठ, श्री शशि राज पाण्डे र श्री निरंजन कुमार टिबरेवाला सदस्यहरु रहनु भएको पारिश्रमिक पुर्नविचार समिति गठन गरेको छ । समितिले कम्पनीको सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्दछ ।

पारिश्रमिक पुर्नविचार समितिको मुख्य कार्य कम्पनीका कार्यकारी अध्यक्षको पारिश्रमिक र सुविधाहरुको पुनरावलोकन गरी निर्धारण गर्ने र त्यस्लाई कम्पनीको संचालक समिति समक्ष शिफारिशको लागि प्रतिवेदन प्रस्तुत गर्ने रहेको छ । कम्पनीको

संचालक समितिले उक्त शिफारिसको आधारमा निर्धारित प्रस्तावलाई स्विकृतिका लागि कम्पनीको शेयरधनीहरुको वार्षिक साधारण सभा समक्ष प्रस्तुत गर्ने गर्दछ ।

## पूँजीनिवेश समिति
## (INVESTMENT COMMITTEE)

कम्पनीको पूँजीनिवेश समितिमा चार जना संचालक समितिका सदस्यहरु श्री दिनेश बहादुर बिष्ट, श्री विजय बहादुर श्रेष्ठ, श्री निरंजन कुमार टिबरेवाला र श्री शशि राज पाण्डे सदस्यहरु रहनु भएको छ । श्री दिनेश बहादुर बिष्ट पूँजीनिवेश समितिका अध्यक्ष हुनुहुन्छ । पूँजीनिवेश समितिले कम्पनीको संचालक समिति समक्ष प्रतिवेदन पेश गर्दछ । कम्पनी सचिवले समितिको सचिवको रुपमा कार्य गर्ने गर्दछ ।

पूँजीनिवेश समिति, काठमाण्डौं उपत्यका बाहिर विभिन्न स्तरका होटेलहरुमा सम्भाब्य पूँजीनिवेश गर्ने तथा तिनलाई संचालन र व्यावस्थापन गर्ने कम्पनीको रणनितिक परिकल्पनाको कार्यान्वयन गर्ने उद्देश्यले अभिप्रेरित भई गठन गरिएको हो । पूँजीनिवेश समितिले नेपालगञ्ज र पोखरामा होटेल सञ्चालनको लागि सम्भाब्यताको पहिचान गरी कम्पनीको सञ्चालक समिति समक्ष सिफारिश पेश गर्‍यो ।

आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) मा समितिका जम्मा तीन बैठकहरु सम्पन्न भए । कम्पनीले पूँजीनिवेश समितिका गैर कार्यकारी संचालक सदस्यहरुलाई कुल रु. ९४,१२०/- बैठक भत्ता वापत भुक्तानी गर्‍यो ।

## औद्योगिक सम्बन्ध समिति
## (INDUSTRIAL RELATIONS COMMITTEE)

कम्पनीको सञ्चालक समितिको औद्योगिक सम्बन्ध समितिमा चार सञ्चालक समितिका सदस्यहरु, श्री दिनेश बहादुर बिष्ट, श्री विजय बहादुर श्रेष्ठ, श्री राजेश काजि श्रेष्ठ, र श्री निरंजन कुमार टिबरेवाला सदस्यहरु रहनु भएको छ । श्री दिनेश बहादुर बिष्ट समितिका अध्यक्ष हुनुहुन्छ । समितिले कम्पनीको सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्दछ । कम्पनी सचिवले समितिको सचिवको रुपमा कार्य गर्ने गर्दछ ।

## कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिमका थप अन्य बैधानिक विवरणहरु :-

### कम्पनीको शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सोबापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण :-

समिक्षा आर्थिक वर्षमा कुनै पनि शेयर जफत भएको छैन तथा त्यसको सट्टामा शेयर पुन:जारी गरिएको छैन ।

### विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन :-

कम्पनीले पूर्ण स्वामित्वको सहायक कम्पनी सोल्टी हस्पिटालिटी लिमिटेडको संस्थापनाका लागि पूर्व संस्थापना खर्च गरेको र सो खर्च उक्त सहायक कम्पनी संस्थापित भए पश्चात उक्त कम्पनीबाट सम्पूर्ण रकम शोधभर्ना स्वरुप फिर्ता लिएको वाहेक अन्य त्यस्तो कुनै कारोबार नभएको । कम्पनीका दुबै सहायक कम्पनीहरुले होटेल व्यावस्थापन सम्बन्धि कुनै पनि क्रियाकलाप शुरु नगरेको जानकारी गराएका छन् ।

## कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :–

कम्पनीको प्रबन्धपत्रमा परिकल्पित मुख्य व्यावसाय आतिथ्य सत्कार (पर्यटन) व्यवसायनै कम्पनीको प्रमुख कारोबार रहेको छ । समिक्ष आर्थिक वर्षमा कम्पनीको व्यवसायिक कारोबारमा कुनै महत्वपूर्ण परिवर्तन भएको छैन । त्यस्तै सहायक कम्पनीहरुको प्रमुख कारोबार गर्ने उद्देश्यहरुमा समेत कुनै परिर्वतन भएको छैन ।

समिक्षा आर्थिक वर्षमा कम्पनी तथा त्यसका सहायक कम्पनीहरुको व्यावसायिक कारोबारमा कुनै महत्वपूर्ण परिवर्तन भएको छैन

## विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :–

समिक्षा आर्थिक वर्षमा कम्पनीका आधारभूत शेयरधनीहरुबाट कम्पनीलाई कुनै पनि जानकारी प्राप्त भएको वा प्रकटीकरण गरीएको छैन ।

## विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :–

समिक्षा आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) मा कम्पनीको संचालक समितिका सदस्यहरु र निजको नजिकको नातेदार वा एसोसिएटहरु तथा कम्पनीका पदाधिकारीहरुले नेपाल स्टक एक्स्चेन्ज लिमिटेड मार्फत कम्पनीको शेयर स्वामित्व प्राप्त गरेको वा बिक्रि गरेको विवरण तपसिल बमोजिम रहेको छ :

| क्र.स. | संचालक समितिका सदस्यको नाम | शेयरधनीको नाम | सञ्चालक संगको नाता सम्बन्ध | समिक्षा आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) मा शेयर स्वामित्व प्राप्त वा ग्रहण गरेको | समिक्षा आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) मा शेयर बिक्रि वा अधिकार परित्याग गरेको |
|---|---|---|---|---|---|
| १ | श्री विजय बहादुर श्रेष्ठ | श्री सबिनढिकी श्रेष्ठ | छोरी | – | १,३३३ |
| २ | श्री रवि भक्त श्रेष्ठ | सिवक्रिम ल्याण्ड एण्ड इण्डस्ट्रियल कम्पनी प्रा. लि. | उपाध्यक्ष | ७६,०८५ | - |
| ३ | श्री निरन्जन कुमार टिबरेवाला | श्री राहुल कुमार टिबरेवाला | छोरा | २५३,३१२ | – |
| ४ | श्री निरन्जन कुमार टिबरेवाला | श्री भवानी देवी टिबरेवाला | आमा | २२१,८१८ | २२१,८१८ |

समिक्षा आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) मा कम्पनीसंग उपलब्ध जानकारी अनुसार कम्पनीका कुनै पनि पदाधिकारीहरुको कम्पनीको शेयर कारोबारमा संलग्नता रहेको जानकारी प्राप्त भएको छैन ।

## विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :–

आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) मा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा कम्पनीलाई कुनै जानकारी प्राप्त भएको छैन ।

## कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम :–

कम्पनीको आफ्नो शेयर आफैले खरिद गर्ने निति नरहेको र समिक्षा आर्थिक वर्षमा कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको छैन ।

## आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :–

कम्पनीले होटेल सञ्चालनको सम्बन्धमा सोल्टी क्राउन प्लाजा व्यावस्थापनको आन्तरिक नियन्त्रण प्रणाली अर्न्तगत त्यसका संञ्चालकको तर्फबाट इन्टरकन्टीनेन्टल होटेल्स ग्रुपले (INTERCONTINENTAL HOTELS GROUP; IHG) निर्धारित तथा निर्देशित गरेका निर्देशिकाहरुको अन्तर्राष्ट्रिय अभ्यास अनुसार परिपालना गर्दछ । यसका अतिरिक्त, आन्तरिक नियन्त्रण प्रणालीका लागि कम्पनीको आफ्नै विस्तृत वित्तीय कार्यविधि र विनियमावलीहरु समेतबाट होटेल व्यावस्थापन निर्देशित छ । कम्पनीमा निम्नलिखित आन्तरिक नियन्त्रण प्रणालीहरु क्रियाशिल रही अभ्यस्त छन :–

१ होटेल संचालनको लागि प्रक्रियागत सञ्चालन निर्देशिकाहरु, कार्यविधिहरु र मार्ग निर्देशिकाहरु ।

२ आर्थिक नीति एवं लेखा सम्बन्धी निर्देशिकाहरु ।

३ प्रति महिना इन्टरकन्टीनेन्टल होटेल्स ग्रुपलाई (InterContinental Hotels Group) प्रतिवेदनको रुपमा सम्प्रेषण गरिने आन्तरिक अनुगमन एवं नियन्त्रण प्रणाली अन्तर्गतका विवरणहरु ।

४ आर्थिक कारोवारहरुलाई समुचित एवं यथोचित नियन्त्रण गर्नका लागि होटेलको आन्तरिक लेखापरीक्षण यूनिट कार्यरत रहेको छ ।

५ श्री जे. बी. राजभण्डारी एण्ड डिविन्स्, चार्टर्ड एकाउन्टेन्टस्बाट स्वतन्त्ररुपमा गरिएका आन्तरिक लेखापरीक्षण तथा प्रतिवेदन ।

६ व्यवस्थापन तथा लेखापरीक्षण समितिद्वारा आन्तरिक नियन्त्रण प्रणालीको आवधिक पुनरावलोकन ।

७ होटेलको प्रवेश कार्यालय (फ्रन्ट अफिस), आरक्षण (रिजर्वेशन), लेखा सम्बन्धी हिसाब किताब तथा माल सामानको (इन्भेन्ट्रीज) व्यावस्थापनको लागि कम्प्यूटरीकृत प्रविधिको अवलम्बन गरिएकोछ ।

८ इन्टरकन्टीनेन्टल होटेल्स ग्रुपबाट प्रत्येक छ महिनाको अन्तरालमा गरिने कन्ट्रोल सेल्फ एसेस्मेन्टका प्रक्रियाहरु ।

## विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :–

आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) को कुल व्यवस्थापन खर्च रु. ४९,०२.०५ लाख (गत आर्थिक वर्ष रु. ४८,६८.२९ लाख) रहेको छ, जस अर्न्तगत कर्मचारीसंग सम्बन्धित खर्चहरु रु. ३३,५२.९७ लाख (गत आर्थिक वर्ष रु. ३३,७९.८२ लाख) रहेकोछ जो गतवर्षको तुलनामा ०.७९ प्रतिशतले घटेकोछ ।

## लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :–

लेखापरीक्षण समितिको संरचनामा कम्पनीका गैर कार्यकारी संचालक संलग्न रहनु भएको तीन जना संचालक समितिका सदस्यहरु श्री रवि भक्त श्रेष्ठ, श्री विजय बहादुर श्रेष्ठ, र श्री शशि राज पाण्डे सदस्य रहनु भएकोछ । श्री रवि भक्त श्रेष्ठ लेखापरीक्षण समितिका अध्यक्ष हुनुहुन्छ ।

समितिले आन्तरिक अनुगमन र नियन्त्रण प्रणाली तथा कम्पनीको लिन बांकी प्राप्य असामीहरुको लेना सम्बन्धी असुलीको प्रक्रियाको सुदृढीकरणको लागि महत्वपूर्ण सिफारिशहरु सहित व्यवस्थापनलाई निर्देशन दिने कार्य गऱ्यो ।

कम्पनीका स्वतन्त्र आन्तरिक लेखापरीक्षकहरु, कार्यकारी अध्यक्ष, महाप्रवन्धक, मुख्य लेखापाल, निर्देशक वित्त तथा व्यवसाय सहयोग, र क्रेडिट मैनेजर लेखापरीक्षण समितिको बैठकहरुमा आमन्त्रितको रुपमा उपस्थिती रहने गर्दछन् । स्वतन्त्र बैधानिक लेखापरीक्षकले लेखापरीक्षण समितिमा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन पेश गर्दछन् । कम्पनी सचिवले लेखापरीक्षण समितिको सचिवको रुपमा कार्य गर्ने गर्दछ ।

बिस्तृतमा लेखापरीक्षण समितिका काम कारबाहीहरु र सिफारिशहरुको विवरण तपसिल बमोजिम रहेका छन् :

## लेखापरीक्षण समितिका काम कारबाही र सिफारिशहरुको विवरण :–

(क) लेखापरीक्षण समितिले होटेलको लिनु पर्ने बांकी प्राप्य असामीहरुको असुलीकालागि त्रैमासिकरुपमा बिस्तृत पुनरावलोकन गरी सबै पुराना प्राप्तहुन बांकी असामीहरुको असूलीका लागि आवश्यक उपायहरु अवलम्बन गरी कार्यवाही गर्न निर्देशन सहित असामीहरुको असुली प्रक्रियालाई सुदृढ पारी नियन्त्रितरुपमा लेना असुली गर्न व्यवस्थापनलाई आवश्यक निर्देशन जारी गऱ्यो ।

(ख) लेखापरीक्षण समितिले कम्पनीको वार्षिक हिसाब किताबहरु, तिनका लेखा सम्बन्धी टिप्पणीहरु, तथा आन्तरिक नियन्त्रण प्रणाली उपर बैधानिक लेखापरीक्षक श्री टी आर उपाध्या एण्ड कं., चार्टर्ड एकाउण्टेण्टस्बाट प्राप्त भएको व्यवस्थापनको जवाफतलव प्रतिउत्तर सहितको प्रारम्भिक बैधानिक लेखापरीक्षण प्रतिवेदनलाई समीक्षात्मक पुनरावलोकन र छलफल गरी कम्पनीको सञ्चालक समिति समक्ष्य तिनको अभिग्रहणको लागि प्रस्तुत गर्ने गर्दछ ।

(ग) लेखापरीक्षण समितिले कम्पनीका आन्तरिक लेखापरीक्षक श्री जे. बि. राजभण्डारी एण्ड डिबिन्स द्वारा त्रैमासिकरुपमा एक आर्थिक वर्षको चार लेखापरीक्षणको चक्रानुसार आन्तरिक लेखापरीक्षण गरी प्रस्तुत गरिएका प्रतिवेदनहरुको पुनरावलोकन, छलफल एवं समीक्षा गरी त्यसमा औंल्याईएका कैफियतहरुको सुधारात्मक उपायहरु अवलम्बन गरी आन्तरिक लेखापरीक्षकले प्रतिवेदनमा दिएका सुधार सम्बन्धी सिफारिशहरुको कार्यान्वयनको लागि व्यवस्थापनलाई आवश्यक निर्देशन जारी गर्ने गर्दछ ।

(घ) लेखापरीक्षण समितिले कम्पनीका आन्तरिक लेखापरीक्षकको वार्षिक कार्यक्षमताको पुनरावलोकन गरी नीजलाई कम्पनीको स्वतन्त्र आन्तरिक लेखापरीक्षकमा नियुक्ति र नीजको पारिश्रमिक समेत निर्धारण गरी निजहरुको नियुक्तिको लागि सिफारिश गर्ने गर्दछ ।

(ङ) लेखापरीक्षण समितिले सञ्चालक समितिलाई जानकारी गराए बमोजिम पुराना प्राप्तहुन बांकी असामीहरुको असूलीका लागि कम्पनीको व्यवस्थापनले सबै सम्भव कार्यवाहीहरु गरिरहेकोछ र पुराना प्राप्तहुन बांकी असामीहरुको असुली संतोषजनक रहेको छ ।

(च) लेखापरीक्षण समितिले त्यसका बैठकहरुको र व्यवस्थापनलाई त्रैमासिक रुपमा कार्यान्वयन गर्न दिईएका बिभिन्न सिफारिशहरु र निर्देशनहरुको सम्बन्धमा संचालक समिति समक्ष्य प्रतिवेदन पेश गर्दछ ।

(छ) लेखापरीक्षण समितिले समिक्षा कम्पनीको बैधानिक लेखा परीक्षकहरुको नियुक्ति तथा निजहरुको पारिश्रमिक निर्धारण गरी सोको अनुमोदनको लागि कम्पनीको शेयरधनीहरुको वार्षिक साधारण सभा समक्ष सिफारिश गर्दछ ।

लेखापरीक्षण समितिका अधिकांश सिफारिशहरुलाई व्यवस्थापनले परिपालना गरीरहेको र केही सिफारिश तथा निर्देशनहरु कार्यान्वयन हुने क्रममा रहेको र सोको अनुपालनाको स्थिति संतोषजनक रहेको सहर्ष जानकारी गराउंदछौं ।

कम्पनीको समीक्षा आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) को आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरुमा कुनै पनि गम्भीर विषय औंल्याईएको छैन । कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली सन्तोषजनक रहेको लेखापरीक्षण समितिका सदस्यहरुले जानकारी गराउनु भएको कुरा उल्लेख गर्न पाउंदा खुशी व्यक्त गर्दछौं ।

आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) मा समितिको जम्मा पाँचपटक बैठक बस्यो । आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) मा कम्पनीको लेखापरीक्षण समितिका अध्यक्ष र सदस्यहरुलाई कुल रु.१७६,४७५/– बैठक भत्ता वापत भुक्तानी गरिएको छ ।

## सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :–

कम्पनीमा संस्थागत शेयर स्वामित्व रहेको संचालकसंग सम्बद्ध निकाय नेपाल बायुसेवा निगमबाट रु. ७०.७५ लाख (गत आर्थिक वर्ष रु. ५०.१९ लाख) असुल उपर हुन बांकी छ । यो कम्पनीको फ्लाइट केटरिंग एकाई एल एस जी स्काई सेफ फ्लाइट केटरिंग यूनिटले नेपाल बायुसेवा निगमका हवाई उडानहरुमा केटरिंग सेवा प्रदान गरे वापतको व्यावसायिक कारोबार अर्न्तगतको असुल उपर हुन बांकी रकम हो । कम्पनीको नेपाल बायुसेवा निगमसंग विगत धेरै वर्ष देखि नियमित व्यावसायिक सम्बन्ध रहँदै आएकोछ ।

## सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :–

कम्पनीको संचालक समितिका सदस्यहरुलाई बैठक भत्ता प्रति बैठक रु. १०,००० खूद कर पश्चात् बाहेक अन्य कुनै पनि तलब, भत्ता र सुविधाको भुक्तानी गरिएको छैन । गैर कार्यकारी संचालक समितिका सदस्यहरुलाई भुक्तानी गरिएको कुल बैठक भत्ता रु. ८,००,०२०/– रहेको छ । त्यस्तै, आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) मा तलब, भत्ता, र अन्य सुबिधा वापत कम्पनीका कार्यकारी अध्यक्ष, महाप्रबन्धक, र अन्य प्रबन्धक स्तरका पदाधिकारीहरुलाई कुल रु. ९८,७८०,१६३/– लाख भुक्तानी गरिएको थियो ।

कम्पनीले कार्यकारी अध्यक्षलाई अन्य सुबिधा वापत ड्राइभर, इन्धन र संभार सहितको सवारी साधन, उपलव्ध गराउंदछ ।

## शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :–

कम्पनीका केही शेयरधनी महानुभावहरुले ३२ आषाढ २०७१ (१६ जुलाई २०१४) सम्मको विगत आर्थिक वर्षहरुको लाभांश अझै पनि दाबि नगर्नु भएको कुल रकम रु. ३,२७७,५४३/– (गत आर्थिक वर्ष रु. ३८,९९,४७२/–) छ, जसमा आर्थिक वर्ष २०४९/०५० देखि २०६९/०७० (ई. सं. १९९२/९३ देखि २०१२/१३) सम्मको दावि नगरिएको लाभांश समेत समावेश छ ।

उपरोक्त उल्लिखित दावि नगरिएको लाभांश मध्ये, रु. ८९७,०१८/– (गत आर्थिक वर्ष रु. ९,३६,९०७/–) आर्थिक वर्षहरु २०४९/०५० देखि २०६४/०६५ (ई. सं. १९९२/९३ देखि २००७/०८) सम्मको लाभांश घोषणा भएको मितिले पांच वर्ष नाघि सकेको शेयरधनी महानुभावहरुले भुक्तानी लिई सक्नु पर्ने बांकी रहेको दावि नगरिएको लाभांश रकम हो ।

कम्पनी ऐन बमोजिम, शेयरधनी महानुभावहरुले दावि नगरेको वा भुक्तानी नलिएको कम्पनीले साधारण सभाबाट लाभांश वितरण गर्ने घोषणा भएको मितिले पांच वर्ष नाघेको लाभांश नेपाल सरकारले स्थापित गर्ने लागानीकर्ता संरक्षण कोषमा जम्मा गर्नु पर्ने व्यावस्था रहेकोछ । तसर्थ, उपरोक्त आर्थिक वर्षहरुको लाभांश रकम हालसम्म पनि भुक्तानी नलिनु भएका सम्बन्धीत सबै शेयरधनी महानुभावहरुलाई उक्त लाभांशको रकम यथाशिघ्र कम्पनीको ताहाचल स्थित रजिष्ट्र्ड कार्यालयबाट बुझी लिनुहुन हामी हार्दिक अनुरोध गदर्छौ ।

## कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण :–

आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) मा कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिमको सम्पत्ति प्राप्ति वा विक्री गरेको कुरा जानकारी गराउनुपर्ने केही छैन ।

## कम्पनी ऐन, २०६३ को दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण :–

आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) मा कम्पनी ऐन, २०६३ को दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच जानकारी गराउनुपर्ने कुनै कारोवार भएको छैन ।

## कम्पनी ऐन, २०६३ तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :–

समीक्षा आर्थिक वर्षमा कम्पनी ऐन, २०६३ तथा प्रचलित कानून बमोजिम संचालक समितिको प्रतिवेदनमा उल्लेख गर्नु पर्ने अन्य कुनै कुरा छैन ।

## अन्य आवश्यक कुराहरु :–

खुलाउनुपर्ने अन्य सम्बद्ध आवश्यक विषयहरु छैनन् ।

## धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०६५ (संशोधन सहित) को नियम २२ को उपनियम (१) को अनुसुची १३ अनुसार आफ्नो विर्षिक प्रतिवेदनमा कम्पनीले खुलाउनु पर्ने जानकारीहरू:

## संचालक समितिको प्रतिवेदन :–

संचालक समितिको प्रतिवेदनमा प्रचलित कानून बमोजिम खुलाउनुपर्ने सबै विवरणहरु समावेश गरि सम्बन्धीत शीर्षकमा राखिएको छ ।

## लेखापरीक्षकको प्रतिवेदन :–

कम्पनीका आर्थिक विवरणहरुको सम्बन्धमा लेखापरीक्षकको प्रतिवेदन यसै साथ संलग्न कम्पनीको वार्षिक प्रतिवेदन २०७०/०७१ (२०१३/१४) मा समावेश रहेको छ ।

## लेखापरीक्षण भएको वित्तीय विवरण :–

कम्पनीको लेखापरीक्षण भएको वासलात, आय विवरण (नाफा नोक्सान हिसाब), इक्विटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण सहितका सम्बन्धित सबै अनुसूचीहरु यसै साथ संलग्न कम्पनीको वार्षिक प्रतिवेदन २०७०/०७१ (२०१३/१४) मा समावेश रहेका छन ।

## कानुनी कारवाही सम्बन्धी विवरण

(क) आर्थिक वर्ष / त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :–

(i) कम्पनीले समिक्षा आर्थिक वर्षमा क्यासिनो सम्बन्धी लिज सम्झौता हताश (Frustrated) (समाप्त) भइ सके पछि उठेको विवादमा नेपाल रिक्रिएसन सेन्टर प्रा. लि. को तर्फबाट मध्यस्थहरुको नियुक्तिको सम्बन्धमा दायर मुद्दामा सम्मानित श्री पुनरावेदन अदालत पाटनबाट कम्पनीको तर्फबाट मध्यस्थ नियुक्ति गरिएको फैसला बिरुद्ध सम्मानित श्री सर्वोच्च अदालतमा श्री पुनरावेदन अदालत पाटन र नेपाल रिक्रिएसन सेन्टर प्रा. लि. लाई विपक्षि बनाई रिट निवेदन मुद्दा दायर गरेको छ र ति मुद्दाहरु चलीरहेका छन् ।

(ii) समिक्षा आर्थिक वर्षमा श्री स्मृता राज्य लक्ष्मी राणा र श्री बिनोद कृष्ण श्रेष्ठले काठमाण्डौं जिल्ला अदालतबाट असामी असुली सम्बन्धी मुद्दामा कम्पनीको पक्षमा भएको फैसला बिरुद्ध कम्पनीलाई समेत विपक्षी बनाई सम्मानित श्री सर्वोच्च अदालतमा रिट मुद्दा दायर गरेका छन् ।

(iii) कम्पनीले आर्थिक वर्ष २०६६/०६७ (२००९/१०) तथा २०६७/०६८ (२०१०/११) को अन्तिम आयकर निर्धारण गर्दा ठुलाकरदाता कार्यालयले कम्पनीका केही खर्चहरुलाई अमान्य ठहराई अतिरिक्त कर लगाएको विषयमा चित्त नबुझि अर्थमन्त्रालय, ठुलाकरदाता कार्यालय विरुद्ध श्री राजश्व न्यायाधीकरणमा पुनरावेदनको लागि मुद्दा दायर गरेको छ र सो मुद्दाहरु चलिरहेका छन् ।

(iv) समिक्षा आर्थिक वर्षमा कम्पनीले लिंक एडभरटाईजिंग ऐजेन्सी प्रा. लि. बाट होटेलको बक्यौता (असामी) रकम असुल उपर गरी पांउन काठमाण्डौं जिल्ला अदालतमा दायर गरेको मुद्दामा कम्पनीको पक्षमा भएको फैसला पश्चात् उक्त कम्पनीका श्री सुनिता न्हेम्हाफुकीको तर्फबाट श्री राम प्रसाद प्रजापतीले काठमाण्डौं जिल्ला अदालतमा कम्पनी विरुद्ध एउटा अर्को मुद्दा दायर गरेको छन र सो मुद्दा चली रहेको छ ।

(v) समिक्षा आर्थिक वर्षमा कम्पनीका निवर्तमान कर्मचारी श्री अच्युत राज पाण्डेले श्री श्रम अदालतको फैसलाको बिरुद्ध कम्पनीलाई समेत बिपक्षी बनाई सम्मानित श्री सर्वोच्च अदालतमा रिट मुद्दा दायर गरेका छन र सो मुद्दा चली रहेको छ ।

(vi) समिक्षा आर्थिक वर्षमा कम्पनीका कर्मचारी श्री लिला सुबेदीले कम्पनीको निजलाई निलम्बन गर्ने निर्णय बदर गरी पांउ भनी श्री श्रम अदालतमा दायर गरेको मुद्दाको फैसला कम्पनीको विपक्षमा रह्यो ।

(ख) आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) मा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) मा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

## संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण

### (क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :–

शेयरको कारोबारमा हुने उतार चढाव श्री नेपाल स्टक एक्सचेन्ज लि. मार्फत खुल्ला बजारबाट प्रतिपादित हुने मुल्य र मान्यता अनुरुप निर्देशित हुने गरेकोछ । शेयरको कारोबार सम्वन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

### (ख) गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोबार शेयर संख्या र कारोबार दिन :–

समिक्षा आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) को अवधिमा कम्पनीको प्रत्येक त्रैमासिक अवधिको रु. १० का दरको प्रति शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोबार संख्या निम्न बमोजिम रहेको छ :

| आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) शेयरको मूल्य रुपैयाँ (परल मुल्य प्रति शेयर रु. १० का दरको) | | | आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) शेयर कारोवार | | |
|---|---|---|---|---|---|
| अधिकतम | न्यूनतम | अन्तिम | कूल दिन | कुल संख्या | कुल शेयर संख्या |
| ६१५ | २७० | ५८१ | १९१ | १,३२९ | १,७०८,४७३ |

(श्रोत : श्री नेपाल स्टक एक्सचेन्ज लि.)

## समस्या तथा चुनौती

(क) यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

(ख) बाह्य समस्या तथा चुनौती:

(i) विकसित अर्थव्यवस्थाका देशहरुको अपेक्षा गरिएभन्दा अत्यन्त सुस्त गतिले सुधार भई रहेको तथा उत्तरोत्तर र क्रमिकरुपमा बृद्धि भई रहेको आर्थिक तथा वित्तीय अनिश्चितता, अनि तत्पश्चात लामो दुरीको यात्रामा निस्कने भ्रमणार्थी यात्रुहरुको खस्किदो आकर्षण सहित परिलक्षियत हुने पर्यटन तथा घुमफिर यात्राका सम्भाव्य नकारात्मक प्रभावहरु ।

(ii) अनियमित बिद्युत आपूर्ति, पिउने पानीको अभाव, मानव संसाधन लागतको बृद्धि, बढदो सामान र सेवाहरुको लागत खर्च, उर्जा संकट, इन्धन र उत्पादन तथा सेवाहरुको आकासिदो लागत खर्च आदिको कारण व्यायसाय संचालन खर्चहरुमा अत्याधिक बृद्धिले पार्ने प्रतिकुल प्रभावहरु ।

(iii) अन्तर्राष्ट्रियस्तरमा घट्ने पर्यटन प्रतिकूलताका घटनाहरुको प्रतिकुल प्रभावहरु ।

(iv) राजनैतिक अस्थिरता तथा उपद्रव, शान्ति र सुरक्षाको कमी, तथा पर्यटनका भौतिक पूर्वाधारहरुको कमी र सरकारको पर्यटन सम्बन्धी नीति, नियम, निर्देशिकाहरु आदिको प्रतिकुल प्रभावहरु ।

(ग) समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति :

(i) ग्राहक केन्द्रित सेवाको अवधारणाको विकाश गरी होटेलका पाहुना ग्राहकहरुलाई अधिकतम सेवा र सुख:सुबिधा प्रदान गरिने ।

(ii) बजार अंशलाई सशक्तरुपमा विस्तार गरी अनुशासित अभिबृद्धि गर्ने रणनीति ।

(iii) ग्राहकवर्ग र बजार अंशलाई आकर्षित गर्ने उत्पादन तथा सेवाहरुको अन्वेषण गरी विकास गर्ने ।

(iv) होटेलका भौतिक पूर्वाधार संरचनाहरुको स्तरवृद्धि गर्ने र कोषको लागत घटाउने उत्पादन तथा सेवाहरुको निरन्तर विकास गर्दै अभिबृद्धि र लाभदायिकताको मार्ग अन्वेषण गर्ने ।

(v) काठमाण्डौं बाहिर लगानी वा होटेल संचालन गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन ।

## संस्थागत सुशासन

पारदर्शीता तथा उत्तरदायित्व संस्थागत सुशासनका दुई आधारभूत खम्बा हुन । कम्पनीमा आदर्श संस्थागत सुशासन प्रणलीको अभ्यासका लागि कम्पनीको सञ्चालक समिति प्रतिबद्ध रहेकोछ । कम्पनीको सञ्चालक समिति आषाढ मसान्त २०७१ मा समाप्त भएको आर्थिक वर्षमा कम्पनीले संस्थागत सुशासनका सम्पूर्ण अनुपालनहरुको अनुसरण र तिनको अनुपालना गरेको सहर्ष जानकारी गराउदछ, जसमा तपसिलका तथ्यहरु समेत समावेश छन:–

(क) पर्याप्त व्यावसायिक दक्षता सहितको अनुभवी मूल व्यवस्थापन समूह ।

(ख) होटेल संचालनका विविध गतिविधिहरुको पुनरावलोकन तथा व्यावस्थापनका बिभिन्न क्षेत्रहरुको कार्यप्रगति को विश्लेषण अनुगमनको लागि गर्ने कार्यकारी पदाधिकारी समितिको नियमित हुने समिक्षा बैठकहरु ।

(ग) कम्पनी तथा इन्टरकन्टिनेन्टल होटेल्स ग्रुपको पर्याप्त आन्तरिक नियन्त्रण प्रणाली, नीतिनिर्देशिकाहरु, कार्यबिधिहरु, नियमहरु र सम्बन्धित ऐन तथा कानूनका प्रावधानहरुको अनुपालन तथा सम्बन्धित पक्षबाट तिनको नियमित अनुगमन ।

(घ) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली, नीतिनिर्देशिकाहरु, कार्यबिधिहरु, नियमहरु र सम्बन्धित ऐन तथा कानूनका प्रावधानहरुको अनुपालन भए नभएको परीक्षणका लागि स्वतन्त्र बाह्य आन्तरिक लेखापरिक्षक रही स्वतन्त्ररुपमा आन्तरिक नियन्त्रणको सम्बन्धमा जानकारी गराउने व्यावस्था । स्वतन्त्र बाह्य आन्तरिक लेखापरिक्षकले कम्पनीको संचालक समितिको लेखापरीक्षण समितिलाई सोझै प्रतिवेदन प्रस्तुत गर्ने गर्दछ । होटेलको आफ्नै आन्तरिक लेखापरिक्षण विभाग समेत क्रियाशिल छ जसले होटेलको आन्तरिक नियन्त्रण प्रणालीको पुनरावलोकन गर्ने कार्य गर्दछ ।

(ङ) लेखापरीक्षण समिति र संचालक समितिबाट त्रैमासिकरुपमा कम्पनीको कार्यप्रगतिको नियमित पुनरावलोकन एवं समीक्षा ।

(च) नियमनकारी निकायहरु कम्पनी रजिष्ट्रार कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्चेन्ज लि., नेपाल राष्ट्र बैंक तथा पयर्टन तथा नागरिक उड्डयन मन्त्रालय आदिबाट जारी गरिएका ऐन, नियम, विनियम, निर्देशिकाहरु र समय समया प्राप्त हुने निर्देशनहरुको पूर्ण परिपालना ।

(छ) कम्पनीको संचालक समितिबाट गठित हुने उप समितिहरुको क्रियाशिलता तथा संचालक समिति र त्यसका उप समितिहरुको नियमितरुपमा बस्ने बैठकहरु ।

(ज) नियमितरुपमा कानुन र विनियम बमोजिम नियमक निकाय प्राधिकारीहरुबाट जारी गरिने अनुपालन निर्देशनहरुको अनुपालना तथा नियमित रुपमा कम्पनीको आर्थिक अवस्था सहितको त्रैयमासिक प्रतिवेदनहरुको सम्बन्धीत निकायमा सम्प्रेषण तथा राष्ट्रिय पत्रिकाहरुमा प्रकाशन ।

## कृतज्ञता

कम्पनीको वार्षिक साधारण सभाहरुमा सक्रीय सहभागिता जनाई यहांहरुको निरन्तर अमूल्य सूक्ष्मदृष्टि, मार्गनिर्देशन, बहुमूल्य सहयोग एवं समर्थनका लागि सम्पूर्ण शेयरधनी महानुभावहरु प्रति संचालक समिति आभार एवं कृतज्ञता ज्ञापन गर्दछ । कम्पनीलाई निरन्तर सहयोग र संरक्षण प्रदान गर्नु हुने हाम्रा सम्पूर्ण सम्मानित अतिथिहरु, ट्राभल एजेन्सीहरु, एयरलाईन्सहरु, परियोजना परामर्शदाताहरु, ठेकेदारहरु, आपूर्तिकर्ताहरु, सेवा प्रदायकहरु, बैंकहरु तथा अन्य एजेन्सीहरुलाई संचालक समिति हार्दिक प्रशंसा तथा कृतज्ञता व्यक्त गर्दछ । नेपाल सरकार, नेपाल राष्ट्र बैंक एवं अन्य सरकारी तथा नियमक निकायहरुबाट प्राप्त सहयोग र मार्गदशनका लागि संचालक समिति आभार एवं धन्यवाद व्यक्त गर्दछ ।

अन्तमा, सम्पूर्ण कर्मचारीहरुले आफ्नो समर्पित सेवाबाट कम्पनीलाई पुऱ्याउदै आउनु भएको निरन्तर महत्वपूर्ण योगदानका लागि संचालक समिति हृदय देखिनै हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्दछ ।

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष

डा. प्रभा बस्नेत
वेंकटेश गोमाटाम
राम हरी शर्मा सेढाई
शशि राज पाण्डे
विजय बहादुर श्रेष्ठ
रवि भक्त श्रेष्ठ
राजेश काजि श्रेष्ठ
निरंजन कुमार टिबरेवाला
संचालकहरु

मिति: २०७१ साल मंसिर १ गते
(१७ नोभेम्बर २०१४)
स्थान: काठमाण्डौं ।

# सोल्टी होटल लिमिटेड

## वित्तीय झलक

### कार्यप्रगति

कम्पनीले हासिल गरेको अघिल्लो आर्थिक वर्षहरुको कार्यप्रगती सहित विगत पांच आर्थिक वर्षको संक्षिप्त तुलनात्मक प्रमुख वित्तीय सूचांकहरु देहाय बमोजिम रहेका छन्ः–

रुपैंयां लाखमा

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७०/७१ | २०६९/७० | २०६८/६९ | २०६७/६८ | २०६६/६७ |
| कुल आम्दानी | १४,०७२.२६ | १,२६,८०.५७ | १,११,३३.७२ | ९८,४६.३५ | ८६,०६.९६ |
| कुल खर्चहरु | ९,६३९.१४ | ९१,५०.५८ | ७८,१८.६० | ७३,४१.२४ | ६२,४१.२७ |
| व्याज, ह्रास, व्यवस्था र आयकर अघिको मुनाफा | ४,४३३.१२ | ३५,२९.९९ | ३३,१५.१२ | २५,०५.११ | २३,६५.६९ |
| न्यून: व्याज खर्च | - | ६.०८ | ५६.७१ | ४२.४२ | ८७.८९ |
| ह्रास, व्यवस्था तथा कर अघिको मुनाफा | ४,४३३.१२ | ३५,२३.९१ | ३२,५८.४२ | २४,६२.६९ | २२,७७.८० |
| न्यून: ह्रास | ७७५.४७ | ६,८५.७६ | ५,४५.१४ | ४४१.५१ | ४,०६.९९ |
| न्यून: कर्मचारी आवास व्यवस्था | १८२.८८ | १,४१.९१ | १,३५.६६ | १,०१.०६ | ९३.५४ |
| न्यून: कर्मचारी बोनश व्यवस्था | ३१५.८९ | २,४५.११ | २,३४.३३ | १,७४.५६ | १,६१.५७ |
| आयकर अघिको मुनाफा | ३,१५८.८७ | २४,५१.१४ | २३,४३.२८ | १७,४५.५६ | १६,१५.७० |
| न्यून: आयकर व्यवस्था | ७२९.६२ | ६४७.४७ | ५,९५.२४ | ४,९४.३२ | ४,७४.२७ |
| थप: स्थगित कर (DEFERRED TAX ) | १०.५२ | ७७.१२ | ४१.०५ | ७८.५१ | ८६.७७ |
| आयकर पछिको खुद मुनाफा (बाँडफाँड अघि) | २,४३९.७८ | १८,८०.७९ | १७,८९.०९ | १३,२९.७५ | १२,२८.२० |
| यस वर्ष खुद जगेडामा सारेको (बाँडफाँड अघि) | २,४३९.७९ | १८,८०.७९ | १७,८९.०९ | १३,२९.७५ | १२,२८.२० |

# वित्तीय झलक










## कोठा आम्दानी, अक्यूपेन्सी, औषत कोठा दर तथा आम्दानी प्रति उपलब्ध कोठाः–

| विवरण | आर्थिक वर्ष | | | | | गत आ.वर्ष २०६९/७० को तुलनामा वृद्धि/(कमी) प्रतिशत |
|---|---|---|---|---|---|---|
| | २०७०/७१ | २०६९/७० | २०६८/६९ | २०६७/६८ | २०६६/६७ | |
| कोठा गणना (Room Count) | २८२ | २८२ | २८२ | २८२ | २८२ | - |
| कोठा आम्दानी (रुपैंयाँ लाखमा) (Room Revenue) | ५,३९५.३१ | ५,१६८.९० | ४४,०७.४६ | ३७,५५.३४ | ३१,५९.१८ | ४.३८% |
| उपलब्ध कोठा (Room Available) | ९९,७४७ | १०२,९३० | १,०२,९३० | १,०२,९३० | १,०२,९३० | (३.०९%) |
| बिक्रियोग्य कोठा (Saleable Room) | ९९,७४७ | १०२,९३० | १,०२,९३० | १,०२,९३० | ९६,५१६ | (३.०९%) |
| कोठा बसाई (Room Occupied) | ७१,१४८ | ७५,७६३ | ७५,१०९ | ६९,७२६ | ६४,८७४ | (६.०९%) |
| अक्यूपेन्सी प्रतिशत (Occupancy Percentage) | ७१.३३% | ७३.६१% | ७२.९७% | ६७.७४% | ६७.२२% | (२.२८%) |
| औषत कोठा दर (रुपैंयां) (Average Room Rate) | ७,५८३.२३ | ६,८२२.४६ | ५,८६८.०९ | ५,३८५.८६ | ४,८६९.७१ | ११.१६% |
| आम्दानी प्रति उपलब्ध कोठा (रुपैंयां) (RevPAR) | ५,४०९.०० | ५,०२१.७६ | ४,२८२.०० | ३,६४८.४४ | ३,२७३.२१ | ७.७१% |

## वित्तीय झलक










## वित्तीय उपलब्धीहरु

कम्पनीको विगत पांच वर्षको तुलनात्मक वित्तीय अवस्था र उपलब्धीहरुः–

**रुपैया लाखमा**

| विवरण | आर्थिक वर्ष | | | | | गत आ.वर्ष २०६९/७० को तुलनामा वृद्धि/(कमी) प्रतिशत |
|---|---|---|---|---|---|---|
| | २०७०/०७१ | २०६९/०७० | २०६८/०६९ | २०६७/०६८ | २०६६/०६७ | |
| शेयर पूंजी | ३,००८.७१ | २,१४९.०९ | १७,९०.९० | १४,९२.४१ | ११,४८.०१ | ४०.००% |
| कुल स्थिर सम्पत्ति | १७,१५४.२७ | १६,२०६.१८ | १५८,१७.३४ | १३८,८६.५३ | १३४,०७.०५ | ५.८५% |
| कुल कारोवार (बिक्रि) | १४,०७२.२६ | १२,६८०.५७ | १११,३३.७२ | ९८,४६.३५ | ८६,०६.९६ | १०.९८% |
| व्याज, ह्रास, व्यवस्था तथा कर अघिको मुनाफा | ४,४३३.१२ | ३,५२९.९९ | ३३,१५.१२ | २५,०५.११ | २३,६५.६९ | २५.५९% |
| आयकर पछिको खुद मुनाफा | २,४३९.७९ | १,८८०.७९ | १७,८९.०९ | १३,२९.७५ | १२,२८.२० | २९.७२% |

# वित्तीय झलक







## वित्तीय झलक – कुल खर्चको शीर्षकगत वर्गिकृत बितरण

समिक्षा वर्षमा विभिन्न शीर्षकअन्तर्गत भएको कुल खर्चको वर्गिकृत बितरणः–

**रुपैयां लाखमा**

| विवरण | आर्थिक वर्ष | |
|---|---|---|
| | २०७०/७१ | बितरण प्रतिशतमा |
| तलब, भत्ता, ज्याला र अन्य कर्मचारीहरुसंग सम्बन्धित खर्च | ३,३५२.९७ | २८.८०% |
| खाद्य, खाद्यान्न आपूर्ति र पेयपदार्थको खपत | १,९७७.३१ | १६.९८% |
| विद्युत तथा ईन्धन खर्च | १,४१९.९१ | १२.२०% |
| संचालन व्यय, प्रशासकिय तथा अन्य खर्च | २,८८४.०३ | २४.७७% |
| ह्रास र अमुर्तता परिशोधन | ७८०.४० | ६.७०% |
| कर्मचारी आवास व्यवस्था | १८२.८८ | १.५७% |
| कर्मचारी बोनस व्यवस्था | ३१५.८९ | २.७१% |
| आयकर व्यवस्था | ७२९.६२ | ६.२७% |
| **कुल खर्च** | **११,६४३.०१** | **१००.००%** |

## ग्राफ : वित्तीय झलक – कुल खर्चको शीर्षकगत वर्गिकृत बितरण




## प्रमुख वित्तीय सूचांकहरु:

कम्पनीको विगत पांच वर्षका प्रमुख वित्तीय सूचांकहरु:

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७०/७१ | २०६९/७० | २०६८/०६९ | २०६७/०६८ | २०६६/०६७ |
| ऋण पूंजिको अनुपात (Debt Equity Ratio) | - | - | ०.०६ | ०.०७ | ०.१९ |
| शेयरधनीहरुको शेयर पूंजिकोषको प्रतिफल (Return on Equity Shareholders Fund) | ०.२५ | ०.२४ | ०.२९ | ०.२४ | ०.२९ |
| प्रति शेयर आम्दानी (रु.) (Earnings Per Share) | ८.११ | ८.७५ | ९.९९ | ८.९१ | १०.७० |
| प्रति शेयर नेटवर्थ (रु.) (Net worth per share) | ३२.४४ | ३६.५६ | ३४.८९ | ३३.८० | ३६.५९ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.) (Gross assets value per share) | ५२.८४ | ६०.७७ | ७०.५६ | ६९.७८ | ७७.८९ |
| प्रति शेयर बजार मूल्य (रु.१० प्रति शेयर) (रु.) (Market Value Per Share {Share of Rs.10 each}) | ५८१.०० | २७६.०० | २३०.०० | २०२.०० | २२९.०० |
| प्राईस अर्निंग रेसियो (टाईम्स) (Price Earnings Ratio {Times}) | ७१.६५ | ३१.५४ | २३.०२ | २२.६७ | २१.४० |
| चालु अनुपात (Current Ratio) | १.१० | ०.९८ | ०.८० | ०.७८ | ०.८४ |
| ऋण/कुल पूंजि निवेशको अनुपात (टाईम्स) (Debts/Capital Employed Ratio {Times}) | - | - | १.४२ | २.४५ | १२.५१ |

# वित्तीय झलक


चालु अनुपात
१.२०
१.००
०.८०
०.६०
०.४०
०.२०
-
०.८४
०.७८
०.८४
०.९८
१.१०
२०६६/०६७
२०६७/०६८
२०६८/०६९
२०६९/०७०
२०७०/०७१
आर्थिक वर्ष


ऋण/कुल पूंजि निवेशको अनुपात
१४.००
१२.००
१०.००
८.००
६.००
४.००
२.००
-
१२.५१
२.४५
१.४२
-
-
२०६६/०६७
२०६७/०६८
२०६८/०६९
२०६९/०७०
२०७०/०७१
आर्थिक वर्ष


प्राईस अर्निंग रेशियो (टाईम्स)
टाईम्स
८०.००
६०.००
४०.००
२०.००
-
२१.४०
२२.६७
२३.०२
३१.५४
७१.६५
२०६६/०६७
२०६७/०६८
२०६८/०६९
२०६९/०७०
२०७०/०७१
आर्थिक वर्ष


प्रति शेयर आम्दानी
प्रति शेयर आम्दानी (रु.)
१२.००
१०.००
८.००
६.००
४.००
२.००
-
१०.७०
८.९१
९.९१
८.७५
८.११
२०६६/०६७
२०६७/०६८
२०६८/०६९
२०६९/०७०
२०७०/०७१
आर्थिक वर्ष


प्रति शेयर नेटवर्थ
रुपैयां
३७.००
३६.००
३५.००
३४.००
३३.००
३२.००
३१.००
३०.००
३६.५९
३३.८०
३४.८९
३६.५६
३२.४४
२०६६/०६७
२०६७/०६८
२०६८/०६९
२०६९/०७०
२०७०/०७१
आर्थिक वर्ष

## वित्तीय झलक – चालु सम्पत्ति र दायित्व (गियरिंग अनुपात) :

कम्पनीको विगत पांच वर्षको ऋण तथा कुल पूंजि निवेश, चालु सम्पत्ति र दायित्वः

रुपैंयां लाखमा

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७०/७१ | २०६९/७० | २०६८/०६९ | २०६७/०६८ | २०६६/०६७ |
| चालु सम्पत्ति (Current Assets) | ६,७७५.९६ | ५०,७४.८९ | ४१,०३.९२ | ४०,८०.३३ | ३४,९२.४५ |
| चालु दायित्व (Current Liability) | ६,१३७.८३ | ५२,०१.८९ | ५१,२०.७५ | ५२,४३.२९ | ४१,३९.८६ |
| ऋण (Debts) | - | - | ८९.७८ | १,२६.५३ | ६,००.६७ |
| कुल पूंजि (Total Equity) | ९,७५९.२१ | ७८,५७.८४ | ६२,४८.५१ | ५०,४३.८१ | ४२,०१.०७ |
| कुल पूंजि निवेश (शेयर पूंजि + संचित नाफा + ऋण (Capital Employed {CE}) | ९,७५९.२१ | ७८,५७.८४ | ६३,३८.२९ | ५१,७०.३४ | ४८,०१.७४ |

## वित्तीय झलक






## शेयर कारोबारको विश्लेषण :

| त्रैमासिक अवधि आर्थिक वर्ष २०६९/०७० | शेयरको मूल्य रु. | | | शेयरको कारोवार भएको | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम | न्यूनतम | अन्तिम | कुल दिन | संख्या | कुल शेयर संख्या |
| प्रथम त्रैमासिक आश्विन मसान्त २०७० | ३३२ | २७० | ३१० | ४० | १४१ | २८६,१५५ |
| दोश्रो त्रैमासिक पौष मसान्त २०७० | ४१० | २८५ | ३१० | ४४ | ३२१ | २४९,१४८ |
| तेश्रो त्रैमासिक चैत्र मसान्त २०७० | ४८९ | ३४० | ४६५ | ४६ | ३५६ | २४७,२५८ |
| चैथो त्रैमासिक आषाढ मसान्त २०७१ | ६१५ | ४५४ | ५८१ | ६१ | ५११ | ९२५,९१२ |
| | | | **जम्मा** | १९१ | १,३२९ | १,७०८,४७३ |

## ग्राफ: नेपाल स्टक एक्सचेंजमा (नेप्से) कम्पनीको शेयर मुल्य






**T. R. Upadhya & Co.**
*Chartered Accountants*

61 Anamika Galli
Baluwatar Post
Box No. 4414
Kathmandu, Nepal

Telephone : 977 (1) 4410927, 4414695
Fax :977(1)4413307
E-mail : trunco@ntc.net.np

# सोल्टी होटल लिमिटेडका शेयरधनीहरु समक्ष
# लेखापरीक्षकको प्रतिवेदन

हामीले सोल्टी होटल लिमिटेडको यसै साथ संलग्न ३२ आषाढ २०७१ (१६ जुलाई २०१४) को वासलात, सोही मितिमा समाप्त वर्षको आय विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण एवं प्रमुख लेखा नीतिहरु तथा अन्य व्याख्यात्मक टिप्पणीहरुको लेखा परीक्षण गरेका छौं ।

## वित्तीय विवरणहरु उपर व्यवस्थापनको उत्तरदायित्य :

वित्तीय विवरणहरु नेपाल लेखामान अनुसार तयार एवं उचित प्रस्तुतिको दायित्य व्यवस्थापनको हो । जालसाजी वा त्रुटिका कारणले हुने सारभूत त्रुटि रहित वित्तीय विवरणहरु तयारी एवं उचित प्रस्तुतिका निम्ति उचित आन्तरिक नियन्त्रण तर्जुमा, कार्यान्वयन एवं संचालन गर्ने, उचित लेखा नीतिहरु चयन एवं कार्यान्वयन गर्ने तथा परिस्थितिजन्य लेखासम्बन्धी अनुमान गर्ने दायित्व पनि व्यवस्थापनको हो ।

## लेखापरीक्षकको उत्तरदायित्व :

लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो दायित्व हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटि रहित भएको बारेमा मनासिव आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउंछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा प्रदर्शित रकम एवं अन्य विवरणहरुको पुष्ट्याई गर्ने प्रमाणको नमुना परीक्षण गरिन्छ । नमुना परीक्षण हाम्रो विवेक तथा जालसाजी वा त्रुटिका कारणले वित्तीय विवरणहरुमा हुने सारभूत त्रुटिको जोखिमको आंकलनमा भर पर्दछ । जोखिमको आंकलन गर्दा संस्थाका वित्तीय विवरणहरुको तयारी एवं उचित प्रस्तुति सम्बद्ध आन्तरिक नियन्त्रण विश्लेषण गरी परिस्थितिजन्य लेखापरिक्षणका कार्यविधिहरु तर्जुमा गर्छौ । यी लेखापरिक्षणका कार्यविधिहरु संस्थाको आन्तरिक नियन्त्रणको प्रभावकारितामा राय प्रकट गर्ने प्रयोजनका लागि भने होइनन् । व्यवस्थापनले अवलम्बन गरेको लेखा सिद्धान्त तथा गरिएका महत्वपूर्ण अनुमानहरु एवं वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्यांकन गर्नु पनि लेखापरिक्षण अन्तर्गत पर्दछ । हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरिक्षणले यथोचित आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौं ।

## कम्पनी ऐन, २०६३ ले तोकेको कुराहरु उपरको प्रतिवेदन

हामीले लेखापरिक्षणको सिलसिलामा आवश्यक ठानी सोधनी तथा कैफियत तलव गरेका कुराहरुको जवाफ एवं स्पष्टीकरण सन्तोषजनक पायौं, जुन हाम्रो ज्ञान र विश्वासमा लेखापरिक्षणका लागि आवश्यक थियो । यस प्रतिवेदन सम्बद्ध वासलात, आय विवरण तथा नगद प्रवाह विवरण कम्पनी ऐन, २०६३ ले तोके बमोजिम तयार भएको छ, । कम्पनीले राखेको लेखासंग दुरुस्त रहेको छ र कम्पनीले लेखा तथा श्रेस्ताहरु प्रचलित कानून बमोजिम तयार गरेको छ ।

हामीलाई प्राप्त जानकारी र हामीलाई दिइएको स्पष्टीकरण र हामीले परिक्षण गरेका श्रेस्ताबाट संचालक समिति वा सदस्य अथवा कम्पनीका कुनै कर्मचारीले लेखासम्बन्धी कानुनी व्यवस्थाहरु विपरित कार्य गरेको वा कुनै अनियमितता गरेको वा कम्पनीलाई हानि नोक्सानी गरे गराएको वा कम्पनीको लेखा सम्बन्धी कुनै जालसाजी गरेको जानकारी हुन आएन ।

प्रमुख लेखा नीति तथा अन्य व्याख्यात्मक टिप्पणीहरु अर्न्तगत टिप्पणी बुंदा २.१५ तथा ३.७ मा उल्लेख गरिए बमोजिम, कर्मचारीहरुको संचित बिदाको दायित्व नगदको आधारमा लेखांकन गरिएको छ र यस बापतको ३२ आषाढ २०७१ (१६ जुलाई २०१४) सम्मको रुपैयाँ ७१,०२०,२८६ दायित्वलाई हिसाबमा लेखांकन गरिएको छैन । यसका अतिरिक्त, व्याख्यात्मक टिप्पणीहरुको टिप्पणी बुंदा २.७ मा उल्लेख गरिए बमोजिम अचल सम्पत्तिमा ह्रासको गणनात्मक हिसाब घट्दो बाँकी लागत प्रणाली विधिबाट आयकर ऐनले निर्धारित गरेका दरहरु अनुसार गणना गरिएको छ,, जुन नेपाल लेखापरीक्षणमानको NAS06 बमोजिम सम्पत्तिको जिवनोपयोगिताको आधारमा गर्नुपर्ने व्यावस्थासंग मेल खांदैन ।

## लेखापरीक्षकको राय

हाम्रो रायमा, यसै प्रतिवेदनको अघिल्लो अनुच्छेदमा उल्लेख गरिएका बिषयहरुबाट पर्नसक्ने प्रभाव बाहेक सोल्टी होटल लिमिटेडका वित्तीय विवरणहरु, प्रमुख लेखा नीतिहरु तथा व्याख्यात्मक टिप्पणीहरु साथमा अध्ययन गर्दा, ३२ आषाढ २०७१ (१६ जुलाई २०१४) को आर्थिक अवस्था तथा उक्त अवधिको आर्थिक नतिजा र नगद प्रवाहको नेपाल लेखामान अनुसार समुचित तथा यथार्थ चित्रण गर्दछ ।

शशि सत्याल
-------
**शशि सत्याल**
**प्रवन्ध साझेदार**
टि. आर. उपाध्या एण्ड कं
चार्टर्ड एकाउण्टेण्ट्स
**मिति : ५ मंसिर २०७१ (२१ नोभेम्बर २०१४)**
**स्थान : काठमाण्डौं ।**

# ३२ आषाढ २०७१ (१६ जुलाई २०१४) को वासलात

रुपैयाँ

| विवरण | अनुसूची | | ३२ आषाढ २०७१ | ३१ आषाढ २०७० |
|---|---|---|---|---|
| **पूँजी र दायित्व** | | | | |
| **पूँजी र जगेडा** | | | | |
| शेयर पूँजी | १ | | ३००,८७०,६२० | २१४,९०८,५१० |
| जगेडा तथा संचित नाफा | २ | | ६७५,०४९,९०९ | ५७०,८७५,७४७ |
कम्पनीले मिति २०६९ साल कार्तिक २४ गते (09 November 2012) माजोंग इन्टरटेन्मेन्ट प्रा. लि. संग क्यासिनो अनुमतिपत्र सहित होटेलको क्यासिनो परिसर वहालमा दिने लिज सम्भौता गरेको थियो । क्यासिनो बहाल आम्दानी सोको यस वर्षको सञ्चालन अवधी १ श्रावण २०७० देखि ५ बैशाख २०७१ सम्मको मात्र पहिचान गरी सोहि अनुसार आम्दानी बाँधिएको छ । त्यस पछिको अवधिको क्यासिनो बहाल, क्यासिनोको सञ्चालन पूर्णत बन्द रहेकोले क्यासिनो सञ्चालकको अनुरोधमा कम्पनीको सञ्चालक समितिले सो अवधीको बहाल मिन्हा गर्ने निर्णय गरेको छ ।

## ३.११ स्थगन कर (DEFERRED TAX)

स्थगन कर आम्दानी रु. १०,५२,४७५/– लाई नेपाल लेखामान (NAS) ९ ले निर्दिष्ट गरे बमोजिम अस्थायी असरलाई हिसाव गरी देखाईएको छ । स्थगन करको गणना अस्थायी फरकमा चालु करको दर २२.५% प्रतिशत (गत वर्ष २२.५%) लगाई हिसाव गरिएको छ । स्थगन कर सम्पत्ति र (दायित्व) को हिसाब त्यसमा असर पार्ने तत्वहरु र तिनीहरुमा भएको फेरबदल निम्न बमोजिम छ :–

रकम रुपैंयामा

| विवरण | चालु रकम | करको आधार | फरक सम्पत्ति / (दायित्व) | स्थगन कर सम्पत्ति (दायित्व) |
|---|---|---|---|---|
| **अस्थायी फरक :** | | | | |
| सम्पत्ति, प्लान्ट तथा इक्युपमेन्ट (जग्गा बाहेक) | ५७९,६३२,७५७ | ५८१,५१२,५६१ | १,८७९,८०४ | ४२२,९५६ |
| उपदान व्यवस्था | १३१,४७५,७०० | छैन | १३१,४७५,७०० | २९,५८२,०३३ |
| कर्मचारी आवास व्यवस्था | ५३,०३९,२३७ | छैन | ५३,०३९,२३७ | ११,९३३,८२८ |
| शंकास्पद असामी व्यवस्था | २०,४०७,१२२ | छैन | २०,४०७,१२२ | ४,५९१,६०२ |
| **खुद स्थगन आयकर सम्पत्ति/ (दायित्व) - ३२ आषाढ २०७१** | | | | **४,६५,३०,४१९** |
| **खुद स्थगन आयकर सम्पत्ति - ३१ आषाढ २०७०** | | | | **४,५४,७७,९४४** |
| **आम्दानी विवरणमा समायोजन** | | | | **१०,५२,४७५** |

## ३.१२ संचालन लिज (OPERATING LEASE)

- **लिज बाहाल खर्च**

  कम्पनीले १५ वर्षको लागि परिसर लिजमा लिने सम्भौता गरेको छ । भविष्यमा रद्द नहुने संचालन लिज वापत न्युनतम लिज बाहाल खर्च निम्न बमोजिम छ :-

रुपैयाँ

| विवरण | समिक्षा वर्ष | गत वर्ष |
|---|---|---|
| वासलातको मितिबाट १ एक वर्ष भित्र देय | ७८६,२४० | १,४८५,८१९ |
| १ वर्ष पछि र ५ वर्ष भित्र | ३,२४१,३७६ | २,३१५,२६९ |
| ५ वर्ष पश्चात् | ४,८४९,८०० | ५,८८६,४९१ |
| जम्मा | ८,८७७,४१६ | ९,६८७,५७९ |

- **लिज बाहाल आम्दानी**

कम्पनीले नेपाल लेखामान १५ (NAS 15) अनुसारको संचालन लिज अर्न्तगत परिसर लिजमा दिएको छ र त्यस्तो बाहालबाट हुने आम्दानी निम्न बमोजिम छ :-

रुपैयाँ

| विवरण | समिक्षा वर्ष | गत वर्ष |
|---|---|---|
| १ एक वर्ष भित्र | १९,८३९,१४७ | १९,६२५,११५ |
| १ वर्ष पछि र ५ वर्ष भित्र | ७२,८५१,५०७ | ७२,०००,००० |
| ५ वर्ष पश्चात् | ५१६,८०५,४७९ | ५३४,५७४,१९४ |
| जम्मा | ६०९,४९६,१३४ | ६२६,१९९,३०९ |

## ३.१३ सम्बन्धित पक्ष प्रकटीकरण (Related Party Disclosure)

### सोल्टी होटल लिमिटेडसंग सम्बन्धित पक्ष

| | | |
|---|---|---|
| १ | उल्लेख्य प्रभाव | सोल्टी इन्टरप्राइजेज प्रा. लि. तथा नेपाल वायुसेवा निगम |
| २ | प्रबन्धक | होलिडे इन्स् (चाईना) लिमिटेड |
| ३ | प्रमुख व्यवस्थापकीय अधिकारी | कार्यकारी अध्यक्ष तथा महाप्रबन्धक |
| ४ | सहायक कम्पनिहरु | सोल्टी हस्पिटालिटि लिमिटेड एच्. आई. सोल्टी होटेल कम्पनी प्राइभेट लिमिटेड |

नेपालको लेखामान १६ (NAS 16) अनुसार खुलाउनु पर्ने कम्पनीको शेयर स्वमित्वमा महत्वपूर्ण प्रभाव रहेको नेपाल बायु सेवा निगमसंग लिनुपर्ने रु ७०,७५,१८२/– (गत वर्ष रु ५०,१८,७१८/–) विविध असामी तथा पेश्कीमा समावेश गरिएको छ।

नेपाल बायु सेवा निगमसंग कम्पनीको नियमितरुपमा व्यवसायीक कारोबार (हवाई उडानहरुमा केटरींग सेवा प्रदान गर्ने) रहेको छ।

### व्यवस्थापकीय प्रमुखलाई पारितोषिक (Compensation to Key Management Personnel)

व्यवस्थापकीय प्रमुख व्यक्तिहरुलाई यस वर्ष रु. २,३९,०२,१२७/– (गत वर्ष रु २,१३,३८,२७०/–) भुक्तानी भएको छ।

## ३.१४ सहायक तथा अन्य कम्पनीमा लगानी

यस कम्पनीले सहायक तथा अन्य कम्पनीहरुमा गरेको शेयर पूंजी लगानी रु २,९९,६६,५३८/– (गत वर्ष रु. १,९९,६६,५३८/–) छ।

यस वर्ष कम्पनिले आफ्नो सहायक कम्पनी सोल्टी हस्पिटालिटी लिमिटेडमा शेयर पूँजी लगानी बापत रु. ४,६०,००,०००/- अग्रिम भुक्तानी गरेको छ, जस मध्ये रु. १,००,००,०००/- बराबरको शेयर यस वर्ष बाँडफाँड गरिएको छ भने बाँकी रहेको रु ३,६०,००,०००/- शेयर पूँजी बापत अग्रिम भुक्तानीको रुपमा देखाईएको छ (अनुसूची ६ र १० संग सम्बन्धित)।

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष

दुर्गा श्रेष्ठ (श्रीमती)
मुख्य लेखापाल

लिल बहादुर खत्री
कम्पनी सचिव

डा. प्रभा बस्नेत
भेंकटेश गोमाटाम
शशि राज पाण्डे
रामहरी शर्मा सेढाई
विजय बहादुर श्रेष्ठ
रवि भक्त श्रेष्ठ
राजेश काजी श्रेष्ठ
निरन्जन कुमार टिबरेवाला
संचालकहरु

शशि सत्याल
शशि सत्याल
प्रबन्ध साझेदार
निमित्त टि. आर. उपाध्या एण्ड क.
चार्टर्ड एकाउण्टेण्टस्
काठमाण्डौं।
मिति: ५ मंसिर, २०७१
(२१ नोभेम्बर, २०१४)

# एच. आई. सोल्टी होटेल कम्पनी (प्रा) लिमिटेड
## संचालक समितिको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

कम्पनीको लेखापरीक्षण भएका आर्थिक विवरणहरु जसमा २०७१ आषाढ ३२ (१६ जुलाई २०१४) को वासलात, मिति २०७१ आषाढ ३२ (१६ जुलाई २०१४) मा समाप्त भएको आर्थिक बर्षको आम्दानी विवरण र नगद प्रवाह विवरण समाविष्ट भएको लेखापरीक्षकको प्रतिवेदन यहांहरु समक्ष प्रस्तुत गर्न पाउंदा हामीलाई खुशी लागेको छ ।

### १. कार्यसम्पादन समीक्षा

**वित्तीय झलकहरु:**

कम्पनीको २०७१ आषाढ ३२ (१६ जुलाई २०१४) मा अन्त्य भएको आर्थिक वर्षको संक्षिप्त वित्तीय परिणाम निम्नानुसार रहेको छ :

**रुपैंयां हजारमा**

| विवरण | आर्थिक वर्ष | |
|---|---|---|
| | ३२ आषाढ २०७१ | ३१ आषाढ २०७० |
| कुल आम्दानी | १,४६४ | १,६७२ |
| कुल खर्च | ६६ | ३४ |
| आय कर अघिको मुनाफा | १,३९७ | १,६३८ |
| न्यून: आयकर व्यवस्था | (३५५) | ४१८ |
| न्यून: गत वर्ष संग सम्बन्धित करको भुक्तानी | (२) | ५ |
| आय कर पछिको खुद मुनाफा (वासलातमा सारेको) | १,०४० | १,२१५ |

### २. संचालक समितिमा हेरफेर

कम्पनीको सञ्चालक समितिमा श्री हालिडे इन्स इन्भेष्टमेण्ट (नेपाल) लिमिटेडको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्नु हुने श्री डगलस एन्थोनी मार्टेलले अवकाश लिनु भयो । सञ्चालक समितिको सदस्यको हैसियतले श्री डगलसले निजको कार्यकालमा कम्पनीलाई पुऱ्याउनु भएको योगदानको कदर तथा प्रसंशा गर्दै सोको अभिलेख सहित सञ्चालक समिति कृतज्ञता व्यक्त गर्दछ । श्री डगलस एन्थोनी मार्टेलको ठांउमा श्री हालिडे इन्स इन्भेष्टमेण्ट (नेपाल) लिमिटेडले निज कम्पनीको प्रतिनिधित्व गर्न श्री वेंकटेश गोमाटामलाई कम्पनीको सञ्चालक समितिको सदस्यमा मनोनित गऱ्यो ।

सञ्चालक समिति, **श्री वेंकटेश गोमाटामलाई** कम्पनीको सञ्चालक समितिको सदस्यको रुपमा स्वागत गर्दछ ।

### ३. वैधानिक लेखापरीक्षक

कम्पनीका वैधानिक लेखापरीक्षक **श्री एन आमात्य एण्ड कं.,** चार्टर्ड एकाउण्टेण्टस्को कार्यकाल आसन्न वार्षिक साधारण सभा सम्पन्न भए पश्चात् समाप्त हुंदैछ र निजहरु पुन: नियुक्त हुन सक्नुहुनेछ । शेयरधनी महानुभावहरुको सभाले आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को लागि कम्पनीको वैधानिक लेखापरीक्षक नियुक्ती र निजहरुको पारिश्रमिक निर्धारण गर्नुपर्ने छ ।

## ३. कम्पनी ऐन २०६३ को दफा १०९ (४) बमोजिम थप जानकारी

### १. कम्पनीको उपलव्धी

कम्पनीले हाल सम्म कारोवार संचालन प्रारम्भ गरेको छैन ।

### २. राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिको असर

कम्पनीले हाल सम्म कारोवार संचालन प्रारम्भ गरेको छैन ।

### ३. चालु वर्षको उपलव्धि र भावी दृष्टिकोण

कम्पनीले हाल सम्म कारोवार संचालन प्रारम्भ गरेको छैन ।

### ४. कम्पनीको औद्योगिक तथा व्यवसाय सम्बन्ध

कम्पनीको कर्मचारीहरु संगको सम्बन्ध सुमधुर र सौर्हादपुर्ण रह्यो ।

### ५. व्यवसायलाई प्रभाव पार्ने मुख्य तत्वहरु

कम्पनीले हाल सम्म कारोवार संचालन प्रारम्भ गरेको छैन ।

### ६. लेखापरीक्षकले औल्याएका कैफियतहरु

कुनै कैफियत औल्याईएको छैन

### ७. लाभांश

समीक्षा आर्थिक वर्षको लागि लाभांश सिफारिस गरिएको छैन ।

### ८. शेयर जफत

कुनै पनि शेयर जफत वा त्यसको सट्टा पुनः जारी गरिएको छैन ।

### ९. सहायक कम्पनी

यस कम्पनीको कुनै सहायक कम्पनी छैन ।

### १०. आधारभूत शेयरधनीबाट प्राप्त जानकारी

आधारभुत शेयरधनीहरुबाट कुनै पनि जानकारी प्राप्त भएको छैन

### ११. संचालक र पदाधिकारीको शेयरको स्वामित्व

यस किसिमको कारोवार बारे कम्पनीलाई कुनै जानकारी प्राप्त भएको छैन ।

### १२. संचालक तथा निजहरुको नजिकको नातेदारहरुको निजी स्वार्थ सम्बन्धी जानकारी

समीक्षा वर्षमा यस बारे कुनै पनि जानकारी प्राप्त भएको छैन ।

### १३. आफ्नो शेयर आफैले खरिद गर्ने

आफनो शेयर आफैले खरिद गर्ने कम्पनीको नीति नभएकाले आफ्नो शेयर आफैले खरिद गर्ने कार्य भएको छैन ।

### १४. आन्तरिक नियन्त्रण प्रणाली

कम्पनीले प्रर्याप्त रुपमा आन्तरिक नियन्त्रण प्रणाली अपनाएको छ ।

### १५. मुख्य व्यवसायिक कारोवार

होटल संचालन तथा व्यवस्थापन ।

### १६. आर्थिक वर्ष २०७०/७१ को व्यवस्थापन खर्च

यस वर्ष २०७०/७१ (२०१३/१४) को कुल व्यवस्थापन खर्च रु. ६६ हजार मात्र रहेको छ ।

### १७. लेखापरीक्षण समिति

छैन ।

### १८. संचालक, प्रवन्ध संचालक, प्रमुख कार्यकारी, आधारभूत शेयरधनीहरु र तिनका नजिकका नातेदारहरु तथा सम्बन्धित फर्म कम्पनी ईत्यादिबाट असुल उपर गर्न बाँकी रकम

छैन ।

### १९. संचालकहरु, प्रवन्ध संचालक, प्रमुख कार्यकारी अधिकृत तथा पदाधिकारीको पारिश्रमिक, भत्ता र सुविधा

छैन ।

### २०. दावी नगरिएको लाभांश

दावी नगरिएको लाभांश नभएको ।

### २१. सम्वद्ध कम्पनीहरु बीच कारोवार

कुनै कारोवार भएको छैन ।

### २२. कम्पनी ऐन, २०६३ को दफा १४१ कमोजिम सम्पत्ति खरीद वा बिक्री सम्बन्धी विवरण

छैन ।

### २३. कम्पनी ऐन, २०६३ तथा प्रचलित कानून र अन्य सम्बन्धित कुराहरुको जानकारी

नभएको ।

कम्पनीका शेयरधनी महानुभावहरुबाट निरन्तररुपमा पाएको बहुमूल्य मार्गनिर्देशन, सहयोग एवं समर्थनका लागि यहांहरु प्रति संचालक समिति आभार प्रकट गर्दै कृतज्ञता ज्ञापन गर्दछ तथा आगामी वर्षहरुमा पनि सोही अनुरुप स्नेह पाउने अपेक्षा गर्दछ ।

**संचालक समिति**

**दिनेश बहादुर बिष्ट**
अध्यक्ष

**भेंकटेश गोमाटाम**

**पल विलियम लोगन**

**विजय बहादुर श्रेष्ठ**

**निरन्जन कुमार टिबरेवाला**
संचालकहरु

मिति: ०२ भाद्र २०७१
(१८ अगष्ट २०१४)
स्थान: काठमाण्डौं

**N Amatya & Co.**
Chartered Accountants

**Fourth Floor**
**Gajendra Bhawan**
**1784/42 Ramshah Path**
**Kathmandu, Nepal**

## एच. आई. सोल्टी होटेल कम्पनी प्राइभेट लिमिटेडका
## शेयरधनी महानुभावहरु समक्ष
## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

### वित्तीय विवरणहरु प्रति व्यवस्थापनको उत्तरदायित्व:

हामीले यसैसाथ संलग्न एच. आई. सोल्टी होटेल कम्पनी प्राइभेट लिमिटेड (यस पछि "कम्पनी" भनिएको) को ३२ आषाढ २०७१ (१६ जुलाई २०१४) को वासलात, सोही मितिमा समाप्त भएको विस्तृत आम्दानी विवरण, पूंजी कोषमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण तथा महत्वपुर्ण लेखा नीति सम्बन्धी सार तथा अन्य व्याख्यात्मक टिप्पणिहरुको लेखापरीक्षण गरेका छौं ।

### वित्तीय विवरणहरु प्रति व्यवस्थापनको उत्तरदायित्व:

नेपाल लेखामान अनुसारको यी वित्तीय विवरणहरु तयार गर्ने तथा सहि प्रस्तुतीकरण गर्ने उत्तरदायित्व व्यवस्थापनमा निहित रहेको छ तथा त्यसका लागि वित्तीय विवरण तयार गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको निर्धारण तथा निर्वाह गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटीपूर्ण वा जालसाजी रहित छन् भन्ने विषय सम्बन्धित दायित्व पनि समावेश हुन्छ ।

### लेखापरीक्षकको उतरदायित्व:

लेखापरीक्षणको आधारमा यी वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले नेपाल लेखापरीक्षणमानको प्रावधान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । सो लेखापरीक्षणमान अनुसार वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटीपूर्ण प्रस्तुती रहीत छन् भन्ने कुरामा उचित रुपमा आश्वस्त हुनको लागि लेखापरीक्षण गर्दा नैतिक आवश्कताको परिपालना तथा लेखापरीक्षणको योजना तर्जुमा गरी लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ ।

लेखापरीक्षण अर्न्तगत वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलस्त गरिएका कुराहरुको प्रमाण प्राप्ति गर्नका लागि लेखापरीक्षणका कार्यविधिहरु सम्पादन गर्नु पर्दछ । छनौट गरिएका कार्यविधिहरुको साथै वित्तीय विवरणहरु जालसाजी वा त्रुटीबाट सारभूत रुपमा त्रुटीपूर्ण हुने जोखिमको मूल्यांकन लेखापरीक्षणको विवेकमा निर्भर हुन्छ । उक्त जोखिमको मुल्यांकन गर्दा, सो अवस्थामा उपयुक्त हुने लेखापरीक्षण कार्यविधिको तर्जुमा गर्नको लागि लेखापरीक्षकले निकायको वित्तीय विवरणको तयारी र सहि प्रस्तुतीकरणसंग सम्बन्धित आन्तरिक नियन्त्रणको प्रभावकारीता माथि विचार व्यक्त नगर्ने गरी आन्तरिक नियन्त्रणको मनन गर्दछ । व्यवस्थापनले प्रयोग गरेको लेखा नीतिको उपयुक्तता तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टीगत प्रस्तुतीकरणको मुल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

हामीले प्राप्त गरेको प्रमाणहरु हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

### राय :

हाम्रो रायमा वित्तीय विवरणहरुले ३२ आषाढ २०७१ (१६ जुलाई २०१४) को एच. आई. सोल्टी होटेल कम्पनी प्राइभेट लिमिटेडको आर्थिक अवस्था र सोही अवधिमा समाप्त यसको कारोबारको नतिजा एवं नगद प्रवाहको सही र यथार्थ चित्रण गरिएको तथा नेपाल लेखामान अनुसार रहेका छन् ।

### कम्पनी ऐन, २०६३ ले तोकेको कुराहरु उपरको प्रतिवेदन

हामी प्रतिवेदन गर्दछौं कि :

क) लेखापरीक्षणको सिलसिलामा हामिले आवश्यक ठानी सोधनी तथा कैफियत तलब गरेका सबै बिषयहरुको जवाफ एवं स्पष्टीकरण पायौं ।

ख) कम्पनीको लेखा हिसाबहरु कानून बमोजिम ठिकसंग राखेको छ ।

ग) संलग्न वासलात, आम्दानी विवरण, र नगद प्रवाह विवरण कम्पनी ऐन, २०६३ मा व्यवस्था भए अनुसार तयार पारिएका छन् र तिनीहरु कम्पनीले राखेको हिसाब कितावसंग दुरुस्त रहेका छन् ।

घ) हाम्रो रायमा, हामीले प्राप्त गरेको जानकारी र हामीलाई दिईएको स्पष्टीकरणको आधारमा कम्पनीको संचालक समिति अथवा त्यसका कुनै सदस्य अथवा कुनै कर्मचारीले हिसाब किताव सम्बन्धी कानूनी व्यवस्था विरुद्ध कामकाज वा कम्पनीको बेहिसाब वा हानि नोक्सानी गरेको देखिंदैन ।

नेम लाल अमात्य
**नेम लाल अमात्य**
**साझेदार**
निमित्त एन अमात्य एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्ट्स
**मिति : ६ भाद्र २०७१**
**(२२ अगस्त २०१४)**
**स्थान: काठमाडौं**

Telephone No. 977-1-4428360, Fax No. 977-1-4428361, Email: nemlal@mail.com.np

Soaltee Hotel Limited

# एच. आई. सोल्टी होटेल कम्पनी प्राइभेट लिमिटेड

## वासलात

### ३२ आषाढ २०७१ (१६ जुलाइ २०१४)

रुपैयाँ

| | | ३२ आषाढ २०७१ | ३१ आषाढ २०७० |
|---|---|---|---|
| **पुंजी तथा दायित्वहरु** | | | |
| **शेयर पुंजी** | | | |
| **अधिकृत पुंजी** | | | |
| ३७,५०,००० थान शेयर प्रति शेयर रु.१००। का दरले | | ३७५,०००,००० | ३७५,०००,००० |
| **जारी पुंजी** | | | |
| २,७०,२७१ थान शेयर प्रति शेयर रु. १००। का दरले | | २७,०२७,१०० | २७,०२७,१०० |
| **लिन मन्जुर तथा चुक्ता** | | | |
| १,३५,१३६ थान शेयर प्रति शेयर रु. १००। का दरले पूर्ण चुक्ता | | १३,५१३,६०० | १३,५१३,६०० |
| जगेडा तथा संचिति मुनाफा | ७,९६१,८४४ | | |
| मुनाफा यसै साथ संलग्न हिसाब बमोजिम | १,०४०,२४६ | | |
| | | ९,००२,०९० | ७,९६१,८४४ |
| | जम्मा | २२,५१५,६९० | २१,४७५,४४४ |
| **सम्पत्ति** | | | |
| **नगद तथा बैंक मौज्दात** | | | |
| बैंकको चल्ती खाताको मौज्दात | | १,३४८,३४७ | ९३७,२६७ |
| मुद्दती खाता | | २१,३२८,३०० | २०,५६८,३०५ |
| श्रोतमा आयकर कट्टी | | २१९,५२८ | ४१२,५८७ |
| | | २२,८९६,१७५ | २१,९१८,१५९ |
| **न्यून: चालु दायित्वहरु तथा व्यावस्थाहरु** | | | |
| अन्य दायित्वहरु - खर्च देय | | २५,४२५ | २५,४२६ |
| आयकर व्यावस्था | | ३५५,०६० | ४१७,२८९ |
| | | ३८०,४८५ | ४४२,७१५ |
| **खुद चालु सम्पत्ति** | जम्मा | २२,५१५,६९० | २१,४७५,४४४ |

प्रमुख लेखा सम्बन्धी टिप्पणीहरु वासलातका अभिन्न अंग हुन्

**दिनेश बहादुर विष्ट**
अध्यक्ष

**लिल बहादुर खत्री**
कम्पनी सचिव

यसैसंग संलग्न हाम्रो सोही मितिको प्रतिवेदनको आधारमा

**भेंकटेश गोमाटाम**
**पल विलियम लोगन**
**विजय बहादुर श्रेष्ठ**
**निरन्जन कुमार टिबरेवाला**
संचालकहरु

**नेम लाल अमात्य**
**साझेदार**
एन. अमात्य एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्
मिति : ६ भाद्र २०७१
(२२ अगस्त २०१४)
स्थान: काठमाण्डौं

# एच. आई. सोल्टी होटेल कम्पनी प्राइभेट लिमिटेड

## नगद प्रवाह विवरण

### ३२ आषाढ २०७१ (१६ जुलाई २०१४) मा समाप्त भएको वर्ष

रुपैंयाँ

| | विवरण | | ३२ आषाढ २०७१ मा समाप्त भएको वर्ष | ३१ आषाढ २०७० मा समाप्त भएको वर्ष |
|---|---|---|---|---|
| (क) | संचालन गतिविधिबाट नगद प्रवाह | | | |
| | आय कर अघिको मुनाफा | | १,३९७,३०६ | १,६३७,७३० |
| | आय कर धरौटी | | १९३,०५९ | (३००,८९८) |
| | अन्य दायित्व | | (१) | (२,३९९) |
| | | | १,५९०,३६४ | १,३३४,४३३ |
| | कर भुक्तानी | | (४१९,२८९) | (३,०७१,६५७) |
| | संचालन गतिविधिबाट खुद नगद | (क) | १,१७१,०७५ | (१,७३७,२२४) |
| (ख) | लगानी गतिविधिको नगद प्रवाह | | | |
| | मुद्दती खाता | | (७५९,९९५) | २,२०२,३९३ |
| | लगानी गतिविधिको नगद प्रवाह | (ख) | (७५९,९९५) | २,२०२,३९३ |
| (ग) | वित्तीय गतिविधिको नगद प्रवाह | | | |
| | वित्तीय गतिविधिको नगद प्रवाह | (ग) | - | - |
| | यस वर्षको खुद नगद प्रवाह (क + ख + ग) | | ४११,०८० | ४६५,१६९ |
| | आर्थिक बर्षको प्रारम्भमा नगद र बैंक मौज्दात | | ९३७,२६७ | ४७२,०९८ |
| | आर्थिक बर्षको अन्त्यको नगद र बैंक मौज्दात | | १,३४८,३४७ | ९३७,२६७ |

दिनेश बहादुर विष्ट
अध्यक्ष

लिल बहादुर खत्री
कम्पनी सचिव

भेंकटेश गोमाटाम
पल विलियम लोगन
विजय बहादुर श्रेष्ठ
निरन्जन कुमार टिबरेवाला
संचालकहरु

नेम लाल अमात्य
साझेदार
एन. अमात्य एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

मिति : ६ भाद्र २०७१
(२२ अगस्त २०१४)
स्थान: काठमाण्डौं

# एच. आई. सोल्टी होटेल कम्पनी प्राइभेट लिमिटेड

## पूंजीमा भएको परिवर्तनको विवरण

### ३२ आषाढ २०७१ (१६ जुलाई २०१४) मा समाप्त भएको वर्ष

रुपैंयाँ

| विवरण | शेयर पूंजी | पूंजीगत जगेडा | जम्मा |
|---|---|---|---|
| ३१ आषाढ २०७० (१५ जुलाई २०१३) को बांकी | १३,५१३,६०० | ७,९६१,८४४ | २१,४७५,४४४ |
| यस वर्षको खुद नाफा र (नोक्सान) | - | १,०४०,२४६ | १,०४०,२४६ |
| ३२ आषाढ २०७१ (१६ जुलाई २०१४) को बांकी | १३,५१३,६०० | ९,००२,०९० | २२,५१५,६९० |

दिनेश बहादुर विष्ट
अध्यक्ष

लिल बहादुर खत्री
कम्पनी सचिव

भेंकटेश गोमाटाम
पल विलियम लोगन
विजय बहादुर श्रेष्ठ
निरन्जन कुमार टिबरेवाला
संचालकहरु

नेम लाल अमात्य
साझेदार
एन. अमात्य एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

मिति : ६ भाद्र २०७१
(२२ अगस्त २०१४)
स्थान: काठमाण्डौं

# एच. आई. सोल्टी होटेल कम्पनी प्राइभेट लिमिटेड

## आम्दानी विवरण

### ३२ आषाढ २०७१ (१६ जुलाई २०१४)

रुपैयाँ

| विवरण | | ३२ आषाढ २०७१ मा समाप्त भएको | ३१ आषाढ २०७० मा समाप्त भएको |
|---|---|---|---|
| **आम्दानी** | | | |
| मुद्दती तथा कल निक्षेपबाट प्राप्त व्याज | | १,४६३,५१८ | १,६७१,९१० |
| | जम्मा | १,४६३,५१८ | १,६७१,९१० |
| **खर्च** | | | |
| छपाई तथा मसलन्द | | ४,२२७ | १२५ |
| लेखापरीक्षण शुल्क | | २५,४२५ | २५,४२५ |
| संचार | | १०,८८९ | २,२३९ |
| विविध खर्च | | २०,४९६ | २,००१ |
| यातायात खर्च | | ५,१७५ | ४,३९० |
| | | ६६,२१२ | ३४,१८० |
| **आयकर अधिको मुनाफा** | | १,३९७,३०६ | १,६३७,७३० |
| न्यून: आयकर व्यावस्था | | (३५५,०६०) | (४१७,२८९) |
| न्यून: विगत वर्षसंग सम्बन्धित करको भुक्तानी | | (२,०००) | (५,०७३) |
| **बांकी वासलातमा सारेको** | | १,०४०,२४६ | १,२१५,३६८ |

प्रमुख लेखा सम्बन्धी टिप्पणीहरु आम्दानी विवरणका अभिन्न अंग हुन्

दिनेश बहादुर विष्ट
अध्यक्ष

लिल बहादुर खत्री
कम्पनी सचिव

यसैसंग संलग्न हाम्रो सोही मितिको प्रतिवेदनको आधारमा

भेंकटेश गोमाटाम
पल विलियम लोगन
विजय बहादुर श्रेष्ठ
निरन्जन कुमार टिबरेवाला
संचालकहरु

नेम लाल अमात्य
साझेदार
एन. अमात्य एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

मिति : ६ भाद्र २०७१
(२२ अगस्त २०१४)
स्थान: काठमाण्डौं

# एच. आई. सोल्टी होटेल कम्पनी प्राइभेट लिमिटेड

## प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

### अनुसूची : ३२ आषाढ २०७१ (१६ जुलाई २०१४) मा समाप्त भएको आर्थिक वर्षको वासलात तथा सोहि मितिमा समाप्त भएको आय विवरणको अभिन्न अंगको रुपमा ।

**(क) कम्पनी सम्बन्धि जानकारी**

एच. आई. सोल्टी होटेल कम्पनी प्राइभेट लिमिटेड नेपालको कम्पनी ऐन, २०२१ बमोजिम संस्थापित सिमित दायित्व भएको कम्पनी हो । कम्पनीको रजिष्ट्रर्ड कार्यालय तथा प्रमुख कारोवार गर्ने स्थान ताहाचल, काठमाण्डौं, नेपालमा अवस्थित छ ।

**(ख) लेखा तयारीका आधारहरु**

कम्पनीका आर्थिक विवरणहरु ऐतिहासिक लागत परम्परागत विधिको आधारमा तयार पारिएको छ ।

**(ग) प्रमुख लेखानीतिहरु**

वित्तीय विवरणहरु नेपाल चार्टडएकाउण्टेण्टस् संस्थाद्वारा जारी गरिएको नेपाल लेखामान अनुसार तयार पारिएको छ । प्रमुख लेखानितिहरुको साराशं तल प्रस्तुत गरिएको छ । वित्तीय विवरणहरुलाई कम्पनी ऐन, २०६३ ले निर्दिष्ट गरेको सान्दर्भिक प्रस्तुतिकरणको आवश्यकता बमोजिम पनि तयार पारिएको छ ।

**१. ब्याज आम्दानी**

बैंक तथा वित्तिय संस्थाहरुबाट कल निक्षेप खाता तथा मुद्दति निक्षेप खातामा प्राप्त हुन आएको ब्याज आम्दानीलाई अक्रुवल आधारमा लेखांकन गरिएको छ ।

**२. आयकर**

समिक्षा आर्थिक वर्षको मुनाफामा चालु आयकरको व्यवस्था आयकर ऐन, २०५८ बमोजिम गरिएको छ ।

**३. नगद तथा नगद सरह**

नगद तथा नगद सरहमा नगद, बैंक मौज्दात रहेका छन ।

**(घ) लेखा सम्बन्धी टिप्पणीहरु :**

१. कम्पनीले संस्थापनाकाल देखि नै आफ्नो व्यावसायीक गतिबिधिहरुको संचालन गर्ने कार्यको थालनी गरि सकेको छैन ।

**२. अघिल्ला वर्षका अंकहरु तथा निकट्तम रुपैयां**

गत वर्षका अंकहरुलाई आवश्यकतानुसार चालु आर्थिक वर्षसंग मिलाउनका लागि पुनर्वर्गीकरण र समुहीकरण गरिएको छ ।

कम्पनीको वित्तिय विवरणहरुका अंकहरुलाई निकट्तम रुपैयांमा देखाइएको छ ।

| | |
|---|---|
| दिनेश बहादुर विष्ट<br>अध्यक्ष | लिल बहादुर खत्री<br>कम्पनी सचिव |
| भेंकटेश गोमाटाम<br>पल विलियम लोगन<br>विजय बहादुर श्रेष्ठ<br>निरन्जन कुमार टिबरेवाला<br>संचालकहरु | नेम लाल अमात्य<br>साझेदार<br>एन. अमात्य एण्ड कम्पनी<br>चार्टर्ड एकाउण्टेण्टस् |
| | मिति: ६ भाद्र २०७१<br>(२२ अगस्त २०१४)<br>स्थान: काठमाण्डौं |

# सोल्टी हस्पिटालिटी लिमिटेड
## संचालक समितिको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

कम्पनीको लेखापरीक्षण भएका आर्थिक विवरणहरु जसमा २०७१ आषाढ ३२ (१६ जुलाई २०१४) को **वासलात,** मिति २०७१ आषाढ ३२ (१६ जुलाई २०१४) मा समाप्त भएको आर्थिक बर्षको **आम्दानी विवरण र नगद प्रवाह विवरण** र **इक्विटीमा भएको परिवर्तनको विवरण** समाविष्ट भएको **लेखापरीक्षकको प्रतिवेदन** सहितको वार्षिक प्रतिवेदन यहांहरु समक्ष प्रस्तुत गर्न पाउंदा हामीलाई खुशी लागेको छ ।

### १. कार्यसम्पादन समीक्षा

**वित्तीय झलकहरु:**

कम्पनीको २०७१ आषाढ ३२ (१६ जुलाई २०१४) मा अन्त्य भएको आर्थिक वर्षको संक्षिप्त वित्तीय परिणाम निम्नानुसार रहेको छ :

**रुपैंयां हजारमा**

| विवरण | आर्थिक वर्ष | |
|---|---|---|
| | ३२ आषाढ २०७१ | ३१ आषाढ २०७० |
| कुल आम्दानी | – | – |
| कुल खर्च | २५७ | – |
| **आय कर अघिको नोक्सानी** | **२५७** | – |
| आयकर व्यवस्था | – | – |
| **आय कर पछिको खुद नोक्सानी (वासलातमा सारेको)** | **२५७** | – |

### २. संचालक समितिमा हेरफेर

कम्पनीको संस्थापन २०७० पौष २३ गते भएको थियो । कम्पनीको नयाँ प्रथम सञ्चालक समितिमा कर्पोरेट शेयरधनीबाट मनोनित भई कम्पनीको नियमावलीमा उल्लेख भए बमोजिम प्रथम सञ्चालकमा श्री दिनेश बहादुर बिष्ट, श्री विजय बहादुर श्रेष्ठ, श्री राजेश काजि श्रेष्ठ, श्री निरंजन कुमार टिबरेवाला र श्रीमती दुर्गा श्रेष्ठ समावेश रहेको पांच सदस्यीय सञ्चालक समिति रहेको छ । श्री दिनेश बहादुर बिष्ट सर्वसम्मतीबाट सञ्चालक समितिको अध्यक्षमा निर्वाचित हुनु भएको छ ।

### ३. वैधानिक लेखापरीक्षक

कम्पनीका वैधानिक लेखापरीक्षक **श्री एन आमात्य एण्ड कं., चार्टर्ड एकाउण्टेण्टस्को** कार्यकाल वार्षिक साधारण सभा सम्पन्न भए पश्चात् समाप्त हुंदैछ र निजहरु पुनः नियुक्त हुन सक्नु हुनेछ । शेयरधनी महानुभावहरुको सभाले आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) का लागि कम्पनीको वैधानिक लेखापरीक्षक नियुक्ती र निजहरुको पारिश्रमिक निर्धारण गर्नुपर्नेछ ।

### ४. कम्पनी ऐन २०६३ को दफा १०९ (४) बमोजिम थप जानकारी

#### १. कम्पनीको उपलब्धी

कम्पनीले हाल सम्म कारोवार संचालन प्रारम्भ गरेको छैन ।

## २. राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिको असर

कम्पनीले हाल सम्म कारोवार संचालन प्रारम्भ गरेको छैन ।

## ३. चालु वर्षको उपलब्धि र भावी दृष्टिकोण

कम्पनीले हाल सम्म कारोवार संचालन प्रारम्भ गरेको छैन ।

## ४. कम्पनीको औद्योगिक तथा व्यवसाय सम्बन्ध

कम्पनीको कर्मचारीहरु संगको सम्बन्ध सुमधुर र सौर्हादपुर्ण रह्यो ।

## ५. व्यवसायलाई प्रभाव पार्ने मुख्य तत्वहरु

कम्पनीले हाल सम्म कारोवार संचालन प्रारम्भ गरेको छैन ।

## ६. लेखापरीक्षकले औंल्याएका कैफियतहरु

कुनै कैफियत औंल्याईएको छैन

## ७. लाभांश

समीक्षा आर्थिक वर्षको लागि लाभांश सिफारिस गरिएको छैन ।

## ८. शेयर जफत

कुनै पनि शेयर जफत वा त्यसको सट्टा पुनः जारी गरिएको छैन ।

## ९. सहायक कम्पनी

यस कम्पनीको कुनै सहायक कम्पनी छैन ।

## १०. आधारभूत शेयरधनीबाट प्राप्त जानकारी

आधारभुत शेयरधनीहरुबाट कुनै पनि जानकारी प्राप्त भएको छैन

## ११. संचालक र पदाधिकारीको शेयरको स्वामित्व

यस किसिमको कारोवार बारे कम्पनीलाई कुनै जानकारी प्राप्त भएको छैन ।

## १२. संचालक तथा निजहरुको नजिकको नातेदारहरुको निजी स्वार्थ सम्बन्धी जानकारी

समीक्षा वर्षमा यस बारे कुनै पनि जानकारी प्राप्त भएको छैन ।

## १३. आफ्नो शेयर आफैले खरिद गर्ने

आफनो शेयर आफैले खरिद गर्ने कम्पनीको नीति नभएकाले आफ्नो शेयर आफैले खरिद गर्ने कार्य भएको छैन ।

## १४. आन्तरिक नियन्त्रण प्रणाली

कम्पनीले प्रर्याप्त रुपमा आन्तरिक नियन्त्रण प्रणाली अपनाएको छ ।

## १५. मुख्य व्यवसायिक कारोवार

होटल संचालन तथा व्यवस्थापन ।

## १६. आर्थिक वर्ष २०७०/७१ को व्यवस्थापन खर्च

यस वर्ष २०७०/७१ (२०१३/१४) को कुल व्यवस्थापन खर्च रु. २५७ हजार मात्र रहेको छ।

## १७. लेखापरीक्षण समिति

छैन।

## १८. संचालक, प्रवन्ध संचालक, प्रमुख कार्यकारी, आधारभूत शेयरधनीहरु र तिनका नजिकका नातेदारहरु तथा सम्बन्धित फर्म कम्पनी ईत्यादिबाट असुल उपर गर्न बाँकी रकम

छैन।

## १९. संचालकहरु, प्रवन्ध संचालक, प्रमुख कार्यकारी अधिकृत तथा पदाधिकारीको पारिश्रमिक, भत्ता र सुविधा

छैन।

## २०. दावी नगरिएको लाभांश

दावी नगरिएको लाभांश नभएको।

## २१. सम्वद्ध कम्पनीहरु बीच कारोवार

सोल्टी होटल लिमिटेडले कम्पनीको तर्फबाट संस्थापना हुनुपूर्व **पूर्व संस्थापन खर्च** गरे वापत शोधभर्ना स्वरुप रुपैयां २०१,७३३ भुक्तानी गरेको छ।

## २२. कम्पनी ऐन, २०६३ को दफा १४१ कमोजिम सम्पत्ति खरीद वा बिक्री सम्बन्धी विवरण

छैन।

## २३. कम्पनी ऐन, २०६३ तथा प्रचलित कानून र अन्य सम्बन्धित कुराहरुको जानकारी

नभएको।

कम्पनीका शेयरधनी महानुभावहरुबाट निरन्तररुपमा पाएको बहुमूल्य मार्गनिर्देशन, सहयोग एवं समर्थनका लागि यहांहरु प्रति संचालक समिति आभार प्रकट गर्दै कृतज्ञता ज्ञापन गर्दछ तथा आगामी वर्षहरुमा पनि सोही अनुरुप स्नेह पाउने अपेक्षा गर्दछ।

**दिनेश बहादुर बिष्ट**
अध्यक्ष

**विजय बहादुर श्रेष्ठ**
**राजेश काजि श्रेष्ठ**
**दुर्गा श्रेष्ठ (श्रीमती)**
**निरन्जन कुमार टिबरेवाला**
संचालकहरु

**मितिः** १७ कात्तिक २०७१
(३ नोभेम्बर २०१४)
**स्थानः** काठमाण्डौं

**N Amatya & Co.**
Chartered Accountants

**Fourth Floor**
**Gajendra Bhawan**
**1784/42 Ramshah Path**
**Kathmandu, Nepal**

**सोल्टी हस्पिटालिटी लिमिटेडका**
**शेयरधनी महानुभावहरु समक्ष**
**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

**वित्तीय विवरणहरु प्रति व्यवस्थापनको उत्तरदायित्व:**

हामीले यसैसाथ संलग्न सोल्टी हस्पिटालिटी लिमिटेड (यस पछि "कम्पनी" भनिएको) को ३२ आषाढ २०७१ (१६ जुलाई २०१४) को वासलात, सोही मितिमा समाप्त भएको विस्तृत नाफा नोक्सान हिसाब, पूंजी कोषमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण तथा महत्वपुर्ण लेखा नीति सम्बन्धी सार तथा अन्य व्याख्यात्मक टिप्पणिहरुको लेखापरीक्षण गरेका छौं ।

**वित्तीय विवरणहरु प्रति व्यवस्थापनको उत्तरदायित्व:**

नेपाल लेखामान अनुसारको यी वित्तीय विवरणहरु तयार गर्ने तथा सहि प्रस्तुतीकरण गर्ने उत्तरदायित्व व्यवस्थापनमा निहित रहेको छ तथा त्यसका लागि वित्तीय विवरण तयार गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको निर्धारण तथा निर्वाह गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटीपूर्ण वा जालसाजी रहित छन् भन्ने बिषय सम्बन्धित दायित्व पनि समावेश हुन्छ ।

**लेखापरीक्षकको उतरदायित्व:**

लेखापरीक्षणको आधारमा यी वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले नेपाल लेखापरीक्षणमानको प्रावधान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । सो लेखापरीक्षणमान अनुसार वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटीपूर्ण प्रस्तुती रहीत छन् भन्ने कुरामा उचित रुपमा आश्वस्त हुनको लागि लेखापरीक्षण गर्दा नैतिक आवश्कताको परिपालना तथा लेखापरीक्षणको योजना तर्जुमा गरी लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ ।

लेखापरीक्षण अर्न्तगत वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलस्त गरिएका कुराहरुको प्रमाण प्राप्ति गर्नका लागि लेखापरीक्षणका कार्यविधिहरु सम्पादन गर्नु पर्दछ । छनौट गरिएका कार्यविधिहरुको साथै वित्तीय विवरणहरु जालसाजी वा त्रुटीबाट सारभूत रुपमा त्रुटीपूर्ण हुने जोखिमको मूल्यांकन लेखापरीक्षणको विवेकमा निर्भर हुन्छ । उक्त जोखिमको मुल्यांकन गर्दा, सो अवस्थामा उपयुक्त हुने लेखापरीक्षण कार्यविधिको तर्जुमा गर्नको लागि लेखापरीक्षकले निकायको वित्तीय विवरणको तयारी र सहि प्रस्तुतीकरणसंग सम्बन्धित आन्तरिक नियन्त्रणको प्रभावकारीता माथि विचार व्यक्त नगर्ने गरी आन्तरिक नियन्त्रणको मनन गर्दछ । व्यवस्थापनले प्रयोग गरेको लेखा नीतिको उपयुक्तता तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टीगत प्रस्तुतीकरणको मुल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

हामीले प्राप्त गरेको प्रमाणहरु हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

**राय :**

हाम्रो रायमा वित्तीय विवरणहरुले ३२ आषाढ २०७१ (१६ जुलाई २०१४) को सोल्टी हस्पिटालिटी लिमिटेडको आर्थिक अवस्था र सोही अवधिमा समाप्त यसको कारोबारको नतिजा एवं नगद प्रवाहको सही र यथार्थ चित्रण गरिएको तथा नेपाल लेखामान अनुसार रहेका छन् ।

**कम्पनी ऐन, २०६३ ले तोकेको कुराहरु उपरको प्रतिवेदन**

हामी प्रतिवेदन गर्दछौं कि :

क) लेखापरीक्षणको सिलसिलामा हामिले आवश्यक ठानी सोधनी तथा कैफियत तलब गरेका सबै बिषयहरुको जवाफ एवं स्पष्टीकरण पायौं ।

ख) हाम्रो रायमा, हाम्रो गरेको परीक्षणको आधारमा कम्पनीको लेखा हिसाबहरु कानून बमोजिम ठिकसंग राखिएको छ ।

ग) संलग्न वासलात, नाफा नोक्सान हिसाब, र नगद प्रवाह विवरण कम्पनी ऐन, २०६३ मा व्यवस्था भए अनुसार तयार पारिएका छन् र तिनीहरु कम्पनीले राखेको हिसाब किताबसंग दुरुस्त रहेका छन् ।

घ) हाम्रो रायमा, हामीले प्राप्त गरेको जानकारी र हामीलाई दिईएको स्पष्टीकरणको आधारमा कम्पनीको संचालक समिति अथवा त्यसका कुनै सदस्य अथवा कुनै कर्मचारीले हिसाब किताव सम्बन्धी कानूनी व्यवस्था विरुद्ध कामकाज वा कम्पनीको बेहिसाब वा हानि नोक्सानी गरेको देखिंदैन ।

नेम लाल अमात्य
**नेम लाल अमात्य**
**साझेदार**
निमित्त एन अमात्य एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्ट्स
**मिति: १८ कात्तिक २०७१**
(४ नोभेम्बर २०१४)
**स्थान: काठमाडौं**

Telephone No. 977-1-4428360, Fax No. 977-1-4428361, Email: nemlal@mail.com.np

# सोल्टी हस्पिटालिटी लिमिटेड

## वासलात

### ३२ आषाढ २०७१ (१६ जुलाइ २०१४)

रुपैंयाँ

| विवरण | | ३२ आषाढ २०७१ |
|---|---|---|
| **पुंजी तथा दायित्वहरु** | | |
| **शेयर पुंजी** | | |
| **अधिकृत पुंजी** | | |
| ५,०००,००० थान शेयर प्रति शेयर रु.१००/- का दरले | | ५००,०००,००० |
| **जारी पुंजी** | | |
| २,५००,००० थान शेयर प्रति शेयर रु. १००/- का दरले | | २५०,०००,००० |
| **लिन मन्जुर तथा चुक्ता** | | |
| १,००,००० थान शेयर प्रति शेयर रु. १००/- का दरो पूर्ण चुक्ता | | १०,०००,००० |
| शेयर पुँजीको वापत अग्रिम प्राप्त | | ३६,०००,००० |
| | जम्मा | ४६,०००,००० |
| **लगानी** | | |
| सोल्टी शिवक्रिम प्रा.लि.संस्थापनमा लगानी | | २५,०००,००० |
| २५०,००० थान शेयर प्रति शेयर रु १००/- का दरको पूर्ण चुक्ता | | |
| **चालु सम्पत्ति** | | |
| बैंकको चालु खाता | | ७,३४२,५७५ |
| उद्योग विभागमा धरौटी | | २०,००० |
| शेयर पुँजी लगानीको लागि पेश्की | | १३,४००,००० |
| | | २०,७६२,५७५ |
| **चालु दायित्व** | | |
| खर्च देय | | १९,७२८ |
| **खुद चालु सम्पत्ति** | | २०,७४२,८४७ |
| संलग्न हिसाब किताब बमोजिमको नोक्सानी | | २५७,१५३ |
| | जम्मा | ४६,०००,००० |

**प्रमुख लेखा सम्बन्धी टिप्पणीहरु वासलातका अभिन्न अंग हुन्**

**दिनेश बहादुर विष्ट**
अध्यक्ष

**लिल बहादुर खत्री**
कम्पनी सचिव

**विजय बहादुर श्रेष्ठ**
**राजेश काजि श्रेष्ठ**
**दुर्गा श्रेष्ठ (श्रीमती)**
**निरन्जन कुमार टिबरेवाला**
संचालकहरु

यसैसंग संलग्न हाम्रो सोही मितिको प्रतिवेदनको आधारमा

**नेम लाल अमात्य**
**साझेदार**
एन. अमात्य एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्
**मिति: १८ कात्तिक २०७१**
**(४ नोभेम्बर २०१४)**

# सोल्टी हस्पिटालिटी लिमिटेड

## नगद प्रवाह विवरण

### ३२ आषाढ २०७१ (१६ जुलाई २०१४) मा समाप्त भएको वर्ष

रुपैयाँ

| | विवरण | | ३२ आषाढ २०७१ मा समाप्त भएको वर्ष |
|---|---|---|---|
| (क) | संचालन गतिविधिबाट नगद प्रवाह | | |
| | आय कर अघिको मुनाफा/(नोक्सानी) | | (२५७,१५३) |
| | चालु पुँजीमा परिवर्तन | | |
| | उद्योग विभागमा धरौटी | | (२०,०००) |
| | खर्च देय | | १९,७२८ |
| | संचालन गतिविधिहरुबाट प्राप्त खुद नगद | | (२,५७,४२५) |
| | संचालन गतिविधिहरुबाट प्राप्त खुद नगद | (क) | (२,५७,४२५) |
| (ख) | लगानी गतिविधिहरुबाट नगद प्रवाह | | |
| | शेयरमा लगानी | | (२५,०००,०००) |
| | शेयरको लागि पेश्की | | (१३,४००,०००) |
| | लगानी गतिविधिहरुबाट प्राप्त खुद नगद | (ख) | (३८,४००,०००) |
| (ग) | वित्तीय गतिविधिहरुबाट नगद प्रवाह | | |
| | शेयर पुँजी जारी गरी प्राप्त भएको प्राप्ति | | १०,०००,००० |
| | शेयर पुँजी वापत अग्रिम प्राप्त | | ३६,०००,००० |
| | वित्तीय गतिविधिहरुबाट प्राप्त खुद नगद | (ग) | ४६,०००,००० |
| | नगद र नगद सरहमा खुद वृद्धि र (कमी) (क + ख + ग) | | ७,३४२,५७५ |
| | आर्थिक बर्षको प्रारम्भमा नगद र बैंक मौज्दात | | - |
| | आर्थिक बर्षको अन्त्यको नगद र बैंक मौज्दात | | ७,३४२,५७५ |

**दिनेश बहादुर विष्ट**
अध्यक्ष

**विजय बहादुर श्रेष्ठ**
**राजेश काजि श्रेष्ठ**
**दुर्गा श्रेष्ठ (श्रीमती)**
**निरन्जन कुमार टिबरेवाला**
संचालकहरु

**लिल बहादुर खत्री**
कम्पनी सचिव

यसैसंग संलग्न हाम्रो सोही मितिको प्रतिवेदनको आधारमा

**नेम लाल अमात्य**
**साझेदार**
एन. अमात्य एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्
मिति : १८ कात्तिक २०७१
(४ नोभेम्बर २०१४)
स्थान: काठमाण्डौं

# सोल्टी हस्पिटालिटी लिमिटेड

## पूंजीमा भएको परिवर्तनको विवरण

### ३२ आषाढ २०७१ (१६ जुलाई २०१४) मा समाप्त भएको वर्ष

रुपैयाँ

| विवरण | शेयर पूंजी | अग्रिम शेयर | पूंजीगत जगेडा | जम्मा |
|---|---|---|---|---|
| यस वर्ष जारी गरेको शेयर | १०,०००,००० | – | – | १०,०००,००० |
| शेयर पुँजीको लागि अग्रिम प्राप्ति | – | ३६,०००,००० | – | ३६,०००,००० |
| यस वर्षको खुद नाफा र (नोक्सान) | – | – | (२५७,१५३) | (२५७,१५३) |
| ३२ आषाढ २०७१ (१६ जुलाई २०१४) को बांकी | १०,०००,००० | ३६,०००,००० | (२५७,१५३) | ४५,७४२,८४७ |

दिनेश बहादुर विष्ट
अध्यक्ष

लिल बहादुर खत्री
कम्पनी सचिव

विजय बहादुर श्रेष्ठ
राजेश काजि श्रेष्ठ
दुर्गा श्रेष्ठ (श्रीमती)
निरन्जन कुमार टिबरेवाला
संचालकहरु

नेम लाल अमात्य
साझेदार
एन. अमात्य एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

मिति : १८ कात्तिक २०७१
(४ नोभेम्बर २०१४)
स्थान: काठमाण्डौं

# सोल्टी हस्पिटालिटी लिमिटेड

## आम्दानी विवरण

### २३ पौष २०७० देखि ३२ आषाढ २०७१ (७ जनवरी २०१४ देखि १६ जुलाई २०१४)

रुपैयाँ

| विवरण | | ३२ आषाढ २०७१ मा समाप्त भएको |
|---|---|---|
| **आम्दानी** | | - |
| | जम्मा | - |
| **खर्च** | | |
| दर्ता खर्चहरु | | १६०,००० |
| कार्यालय भाडा | | ३४,८५६ |
| छपाई तथा मसलन्द | | ३,३७० |
| लेखापरीक्षण शुल्क | | १६,९५० |
| परामर्श शुल्क | | २२,६०० |
| विविध खर्च | | १६,००२ |
| यातायात खर्च | | ३,३७५ |
| | जम्मा | २५७,१५३ |
| आयकर अघिको मुनाफा / (नोक्सानी) | | (२५७,१५३) |
| आयकर | | - |
| आयकर पछिको मुनाफा / (नोक्सानी) | | (२५७,१५३) |
| बांकी वासलातमा सारेको | | (२५७,१५३) |

प्रमुख लेखा सम्बन्धी टिप्पणीहरु आम्दानी विवरणका अभिन्न अंग हुन्

दिनेश बहादुर विष्ट
अध्यक्ष

लिल बहादुर खत्री
कम्पनी सचिव

यसैसंग संलग्न हाम्रो सोही मितिको प्रतिवेदनको आधारमा

विजय बहादुर श्रेष्ठ
राजेश काजि श्रेष्ठ
दुर्गा श्रेष्ठ (श्रीमती)
निरन्जन कुमार टिबरेवाला
संचालकहरु

नेम लाल अमात्य
साझेदार
एन. अमात्य एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

मिति : १८ कात्तिक २०७१
(४ नोभेम्बर २०१४)
स्थान: काठमाण्डौं

# सोल्टी हस्पिटालिटी लिमिटेड

## प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

**अनुसूची : ३२ आषाढ २०७१ (१६ जुलाई २०१४) मा समाप्त भएको अर्थिक वर्षको वासलात तथा सोहि मितिमा समाप्त भएको आय विवरणको अभिन्न अंगको रुपमा ।**

### १. कम्पनी सम्बन्धि जानकारी

सोल्टी हस्पिटालिटी लिमिटेड नेपालको कम्पनी ऐन, २०६३ बमोजिम संस्थापित सिमित दायित्वको सोल्टी होटल लिमिटेडको पूर्ण स्वामित्व भएको कम्पनी हो । कम्पनीको रजिष्ट्रर्ड कार्यालय तथा प्रमुख कारोवार गर्ने स्थान ताहाचल, काठमाण्डौं, नेपालमा अवस्थित छ ।
कम्पनी २३ पौष २०७० तदनुसार ७ जनवरी २०१४ मा संस्थापित भई दर्ता भएको हो ।

### २. लेखा तयारीका आधारहरु

कम्पनीका आर्थिक विवरणहरु ऐतिहासिक लागत परम्परागत विधिको आधारमा तयार पारिएको छ ।

### ३. प्रमुख लेखानीतिहरु

वित्तीय विवरणहरु नेपाल चार्टडएकाउण्टेण्टस् संस्थाद्वारा जारी गरिएको नेपाल लेखामान अनुसार तयार पारिएको छ । प्रमुख लेखानितिहरुको साराशं तल प्रस्तुत गरिएको छ । वित्तीय विवरणहरुलाई कम्पनी ऐन, २०६३ ले निर्दिष्ट गरेको सान्दर्भिक प्रस्तुतिकरणको आवश्यकता बमोजिम पनि तयार पारिएको छ ।

### ४. लगानी

लगानीहरुलाई लागत मूल्यमा मूल्यांकन गरिएको छ ।

### ५. आयकर

कम्पनीको कुनै आयकर लाग्ने आम्दनी नभएको तथा सोहि अनुसार समीक्षा अवधिमा कुनै आयकरको लागि आयकर व्यावस्था गरिएको छैन ।

### ५. नगद तथा नगद सरह

नगद तथा नगद सरहमा नगद, बैंक मौज्दात रहेका छन ।

### क. व्याख्यात्मक टिप्पणीहरु:

### १. सम्बन्धित पक्ष

सम्बन्धको प्रकृति तथा सम्बन्धित पक्षको नाम :
कम्पनी सोल्टी होटल लिमिटेडको शतप्रतिशत स्वामित्व भएको एउटा सहायक कम्पनी हो ।
कम्पनी र सोल्टी होटल लिमिटेड बीच भएको कारोबार सम्बन्धि जानकारी तथा ३२ आषाढ २०७१ मा बांकी रहेको बक्यौताको स्थिति:–

| विवरण | रकम रु. |
|---|---|
| खर्च शोधभर्नास्वरुप भुक्तान गरिएको | २०१,७३३ |
| शेयर पूंजी बापत प्राप्त भएको रकम | १०,०००,००० |
| शेयर पूंजीको लागि अग्रीम प्राप्त रकम | ३६,०००,००० |
| ३२ आषाढ २०७१ मा बांकी रहेको बक्यौता | |
| साहुहरु / देय रकम | २,७७८ |

### २. अघिल्लो वर्षका अंकहरु तथा निकट्तम रुपैयां

यो संस्थापनाको पहिलो वर्ष भएकोले, हिसाब किताबको अघिल्लो वर्षको कुनै अंक छैन । वित्तिय विवरणहरुका रकमहरुलाई निकट्तम रुपैयांमा देखाइएको छ ।

दिनेश बहादुर बिष्ट
अध्यक्ष

लिल बहादुर खत्री
कम्पनी सचिव

विजय बहादुर श्रेष्ठ
राजेश काजि श्रेष्ठ
दुर्गा श्रेष्ठ (श्रीमती)
निरन्जन कुमार टिबरेवाला
संचालकहरु

नेम लाल अमात्य
नेम लाल अमात्य
साझेदार
निमित्त एन अमात्य एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्
मिति: १८ कात्तिक २०७१
(४ नोभेम्बर २०१४)
स्थान: काठमाडौं

Soaltee Hotel Limited

SOALTEE
CROWNE PLAZA®
KATHMANDU


सर्वाधिक आयकर दाखिला गर्ने होटल पुरस्कार ग्रहण


काकोरी रेष्टुराँ


चाईना गार्डेन रेष्टुराँ


हिमालय विंग एक्युकेटिभ लाउन्ज


गार्डेन टेरेस रेष्टुराँ


मेघा मल्हार सम्मेलन कक्ष


हेल्थ क्लब


एल एस जी स्काई सेफ युनिट




Soaltee Hotel Limited

पोष्ट बक्स नं. ३८००, ताहाचल,
काठमाडौं, नेपाल ।
फोन नं. ९७७ १ ४२७३९९९
फ्याक्स नं. ९७७ १ ४२७२२०१/४२७२२०६
इमेल : **shl@soaltee.com.np**